# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६

मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः

मितिः २०७५।१२।१३

श्री प्रमुखज्यू,
खांदबारी नगरपालिका,
संखुवासभा, खांदबारी ।,

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट खांदबारी नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.६ करोड ३३ लाख ९० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.७ लाख ३७ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ३८ लाख १२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४ करोड ३० लाख ८५ हजार र पेश्की रु.५७ लाख ५६ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।१२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले वेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ३५ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

**खादवारी नगरपालिका**

**लेखापरीक्षण प्रतिवेदन**

**२०७४।७५**

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । १ नम्बर प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत ११ वडा र ८२ वर्ग कि.मी.क्षेत्रफल रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| आयतर्फ | | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि. नं | विवरण | रकम | रकम | सि. नं. | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | २९६७६११३.६४ | १ | **चालु खर्च** | | २६४३५३६११.०३ |
| | क) नगद | | ० | २ | **पूँजीगत खर्च** | | १४३७५१०९९.९४ |
| | ख) बैंक | | ० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | १२११९७७७ | | क) ऋण भुक्तानी | | ० |
| | क) आन्तरिक राजस्व | | ० | | ख) ब्याज भुक्तानी | | ० |
| | ख) राजस्व बाँडफाँड | | ० | | ग) अन्य भुक्तानी | | ० |
| | ग) अन्य आय | | ० | ४ | **लगानी** | | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | | ३७६१९८१३८.५० | | ऋण लगानी | | ० |
| | क) वित्तीय समानीकरण अनुदान | १९९८२५००० | ० | | शेयर लगानी | | ० |
| | ख) सशर्त अनुदान | १७६३७३१३८.५० | ० | | अन्य लगानी | | ० |
| | ग) समपूरक अनुदान | ० | ० | ५ | **धरौटी फिर्ता** | | ६०७४०० |
| | घ) विशेष अनुदान | ० | ० | ६ | **कोष खर्च** | | ११५६४५१.८० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | ० | १५००००० | | **राजस्व दाखिल** | | ५६५०००० |
| | क) वित्तीय समानीकरण अनुदान | ० | ० | ७ | **मौज्दात** | | ७७५८१५७१.२० |
| | ख) सशर्त अनुदान | ० | ० | | क) नगद मौज्दात | | ० |
| | ग) समपूरक अनुदान | ० | ० | | ख) बैंक मौज्दात ( मुलखाता) | | ० |
| | घ) विशेष अनुदान | ० | ० | | धरौटी | | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | ० | | | | ० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ० | ० | | | | ० |
| | क) ऋण प्राप्ति | ० | ० | | | | ० |
| | ख) साँवा प्राप्ति | ० | ० | | | | ० |
| | ग) ब्याज प्राप्ति | ० | ० | | | | ० |
| | घ) अन्य प्राप्ति | ० | ० | | | | ० |
| ६ | **विभिन्न कोषतर्फको आय** | | ६०००००० | | | | ० |
| ८ | **जनसहभागिता (नगद)** | | ७९०३००० | | | | ० |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | ४७८५०२३४.३३ | | | | ० |
| १० | **धरौटी आय** | | ५५२८७०.५० | | | | ० |
| ११ | **लगानीको साँवा फिर्ता** | | ० | | | | ० |
| १२ | **अन्य विविध आय(राजस्व)** | | ५६५०००० | | | | ० |
| १३ | **आयकर दाखिला बाँकी** | | ० | | | | ० |
| | **जम्मा** | | ४८७४५०१३३.९७ | | **जम्मा** | | ४८७४५०१३३.९७ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| | **लक्ष्य प्रगती :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले गांउपालिका तथा नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको १५ दिन भित्र कार्यपालिकाको बैठकमा पेश गर्नु पर्ने व्यवस्था छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रम नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावलीको नियम २५ मा अनुसूची २ को ढाँचामा चौमासिक प्रगती तयार गर्नुपर्ने व्यहोरा उल्लेख छ । योजनाको एकमुस्ट मध्ये केहि भाग छुट्याएको प्रगति उपलव्ध गराएपनि उक्त बमोजिमको नगरपालिकाले आर्थिक बर्ष २०७४।०७५ को बार्षिक प्रगति बिबरण र बार्षिक योजनागत प्रगति बिबरण तयार गरेको छैन । | |
| १ | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था भएकोमा प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी दिएर कार्य गराएको पाईएन । | |
| २ | **आन्तरीक नियन्त्रण प्रर्णाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस नगरपालिकाले निम्न कार्यहरु जस्ता कार्यहरु गरी आन्तरिक नियन्त्रण प्रणालिलाई सुद्रीढ गराउदै लानु पर्ने देखिन्छ । | |
| २.१ | यस नगरपालिकाले, खांदबारी नगरकार्यपालिकाको कार्यसम्पादन नियमाबलि २०७४, खादबारी नगरपालिकाको बैठक सन्चालन कार्यबिधि २०७४, जस्ता नियमाबलि,कार्यबिधि आदि कानून बनाएपनि खांदबारी नगरपालिकाको आर्थिक कार्यबिधि संबन्धि, सार्बजनिक खरीद संबन्धि, बिभिन्न कोष सन्चालन संबन्धि कानून कार्यबिधिहरु बनाएको पाईएन । यस्ता नियम, कानून, कायर्बिधि बनाई यस नगरपालिकाको संपूर्ण कृयाकलापहरु सन्चालन हुनु पर्ने देखियो । | |
| २.२ | नगरसभाबाट स्वीकृत बार्षिक कार्यकमको आम्दानि खर्चका प्रत्येक शिर्षकगत र बिचमा कुनै शिर्षक थप भए सो समेतको बजेट, आम्दानि, खर्च, देखिने गरी कार्यकमगत आम्दानि खर्च खाता तयार गरी श्रेस्ताको शिर्षकगत आम्दानि खर्च संग भिडान हुने गरी अध्याबधिक गराई राख्नु पर्ने देखियो । | |
| २.३ | यस नगरपालिकाले आर्थिक बर्ष २०७४।०७५ को बार्षिक प्रतिबेदन पुस्तीका तयार गरेको पाईएन । | |
| २.४ | यस नगरपालिकाले आन्तरीक लेखापरीक्षण गराएको पाईएतापनि यसलाई व्यबस्थित गरी अन्तरीक लेखापरीक्षण र आन्तरिक नियन्त्रण प्रणलिलाई सूदृढ गराएको देखिएन । | |
| २.५ | खांदबारी नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को आय व्यय बिबरण अनुसार कूल आय रु.४८,७४,५०,१३३।९७ कूल व्यय रु.४०,९८,६८,५६२।७७ भई आगामी बर्षलाई रु.७,७५,८१,५७१।२० जिम्मेवारी सारेको आर्थिक बिबरण प्रस्तुत भएको छ । यस संबन्धमा देखिएका व्यहोराहरु निम्न छन् । | |
| २.६ | यस नगरपालिकामा लेखापरीक्षणार्थ प्रस्तुत भएका ७ वटा बैङ्क खाताहरु सबै चल्ती खाता भएको र राष्ट्रिय बाणिज्य बैङ्कमा रहेको पाईयो । खांदबारी नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को आय व्यय बिबरण अनुसार सुरु मौज्दात रु.२,९६,७६,११३।६४ र आर्थिक बर्षको अन्तमा रु.७,७५,८१,५७१।२० मौज्दात रहेको पाईयो । यसो हुदा बर्षैभरी रु.२,९६,७६,११३।६४ मोज्दात रहिरहेको देखियो । चल्ति खातामा व्याज प्राप्त नहुने हुंदा आम्दानी खर्चको प्रबाहलाई ध्यान दिएर कल करेन्ट एकाउन्ट, बचत खाता, निश्चित अबधिको मुद्दती खाता खोलेर व्याज आम्दानि गर्ने तर्फ नगरपालिकाको ध्यान जानु पर्ने देखियो । | |

<table>
<tr><td>२.७</td><td>उक्त कारोबारका अभिलेख खाताहरु जिम्मेबार कर्मचारी एबं कार्यालय प्रमुखबाट प्रमाणित भएको पाईएन ।</td><td></td></tr>
<tr><td>२.८</td><td>उक्त आय व्यय बिबरणमा राष्ट्रीय बाणिज्य बैङ्कमा खोलेको चल्ती खाताको बैङ्क खाता नंबर २०८०००३३८२०१ मा गत आ.ब. २०७३।०७४ को अन्तमा बैङ्क स्टेटमेन्ट अनुसार बांकि देखिएको रु.२,०३,८८,४७४।- जिम्मेवारी सारेको पाईएन ।</td><td></td></tr>
<tr><td>२.९</td><td>खांदबारी नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को आय व्यय बिबरणमा गत बर्षको जिम्मेवारी रु.२,९६,७६,११३।६४ उल्लेख छ भने यसैको कच्चावारी बिबरणमा रु.२,३४,५६,७६७।६५ उल्लेख भई रु.६२,१९,३४५।९९ फरक परेको संबन्धमा कुनै पुस्ट्याई प्रमाण संलग्न राखेको छैन ।</td><td></td></tr>
<tr><td>२.१०</td><td>खांदबारी नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को आय व्यय बिबरण र सन्चित कोषको बैङ्क नगदी किताबमा निम्नानुसार फरक परेको देखिएको संबन्धमा संन्चित कोष / आय व्यय बिबरणको हिसाब एउटै खाता भएकोले एउटै हुनु पर्नेमा निम्नानुसार फरक परेको संबन्धमा रिकन्साईल गरेको पाईएन ।
<table>
<tr><th>बिबरण</th><th>आय व्यय बिबरण अनुसार</th><th>सन्चित कोषको बैङ्क नगदी किताब अनुसार</th><th>कैफियत (फरक)</th></tr>
<tr><td>गत बर्षको मोज्दात जिम्मेवारी</td><td>२,६४,८७,८५१.५२</td><td>८५,०२,२७२.९३</td><td>१,७९,८५,५७८.५९</td></tr>
<tr><td>कूल आम्दानी</td><td>४८,७४,५०,१३३.९७</td><td>५२,६२,११,५६७.५१</td><td>-३,८७,६१४३३.५४</td></tr>
<tr><td>कूल खर्च</td><td>४०,९८,६८,५६२.७७</td><td>४५,९६,३८,३६१.</td><td>-४,९७,६९,७९८.२३</td></tr>
<tr><td>अन्तिम मौज्दात</td><td>७,६५,८१,५७१.२०</td><td>६,६५,७३,२०६.५१</td><td>-१,००,०८,३६४.६९</td></tr>
</table></td><td></td></tr>
<tr><td>२.११</td><td>खांदबारी नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को आय व्यय बिबरणमा बिभिन्न कोषको आय उल्लेख गरी गत बर्षको मौज्दात जिम्मेबारी बाहेक रु.६०,००,०००।- आम्दानि देखाएको छ भने यसैको कच्चावारी बिबरणमा कर्मचारी कल्याण कोषको रु.५४,६३,६४७।१७, मर्मत सम्भार कोषको रु.४२,३५,९४३।-, र प्रकोप व्यबस्थापन कोषको रु.१२,०६,७८८।- मा समाबेस भएको गत बर्षको जिम्मेवारी क्रमश : रु.९,४८,६७४।१७, रु.१,१०,९४३।- र रु.२,०६,७८८।- कटाउदा बांकि हुने क्रमश : रु.४५,१४,९७३।-,४१,२५,०००।-, रु.१०,००,०००।- गरी जम्मा रु.९६,३९,९७३।- जिम्मेवारी बाहकको रकम उल्लेख गरेकोले रु.३६,३९,९७३।- फरक परेको सम्बन्धमा के भएर फरक पर्न गएको हो रिकन्साईल बिबरण तयार गरेको पाईएन । खांदबारी नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को आय व्यय बिबरणको अभिलेख रजिष्टर खडा गरी राखेको नपाईएकोले यसका शिर्षकगत आम्दानि, खर्च, बांकी को पुस्ट्याई सहितको अभिलेख खडागरी राख्नु पर्ने देखियो । खांदबारी नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को आय व्यय बिबरणमा गत बर्षको श्रेस्ता अनुसार बांकि रहेको रकम जिम्मेवारी सार्नु पर्नेमा बैङ्क स्टेटमेन्तको आधारमा जिम्मेवारी सारेको पाईयो । गत बर्षको श्रेस्ता अभिलेख अनुसारको जिम्मेवारी भिडान गर्न आ.ब. २०७३।०७४ को बैङ्क नगदी किताब पेश हुन आएन ।</td><td></td></tr>
<tr><td>२.१२</td><td>आर्थिक बर्ष २०७४।०७५ मा कूल आन्तरिक आय रु. १,२१,१९७७७।- आम्दिानी देखाएको छ । प्राप्त बिबरण अनुसार के बापत को निकाशा / दाखिला हो नखुलेको ६४,०८६।- समेतको नगरकार्यपालिका (केन्द्र) को रु.१,१६,९५,३३९।६०, वडा नंबर ८ को रु.७१,७०२।-,वडा नंबर १० को रु. २,२९,६८०।७८, वडा नंबर ११ को रु.१,९४,०१७।१५ गरि कूल रु.१,२१,९०,७३९।५३ आय देखिदा आर्थिक बिबरणमा रु.७०,९६२।५३ घटी आय देखिएको पाईयो । अन्य वडाबाट हुने असूल केन्द्रबाट नै भएको लेखापरीक्षणको क्रममा मौखिक जानकारी हुन आयो । सफ्टबेयरबाट लेखा राखिएको भनि म्यानुएल अभिलेख राखेको पाईएन ।</td><td>६४,०८६।-</td></tr>
<tr><td>२.१३</td><td>नेपाल सरकारको शसर्त अनुदान प्रथम चौमासिक निकासा रकमलाई गोश्वारा भौचर नबर र मिति १०।२०७४।५।२५ मा रु. १,१८,९२,१०००।- डेबिट(आम्दानी) बांधेको गोश्वारा भौचर तयार गरी पोस्टीङ्ग गर्दा ११।२०७४।६।२ उल्लेख गरी सन्चित कोषको बैङ्क नगदी किताबमा डेबिट (आम्दानी) पोस्टीङ्ग गरेको छ तर यो रकम चालु खाताको बैङ्क स्टेटमेन्टमा मिति २०७४।४।१६ मा केडिट अर्थात नगरपालिकाको आम्दानि जनाएको</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | पाईयो । यसपछि पेश गर्ने, सदर गर्नेको दस्तखत नभएको गोश्वारा भौचर नंबर र मिति ११।२०७४।६।२ मा प्रथम चौमासिक निकासाको रकम रु.११,८९,२१,०००।- चालु खर्च खातामा जम्मा भएकोमा बांकि रकम सन्चित कोष खातामा ट्रान्सफर आम्दानी उल्लेख गरी रु. ६,४१,५२,५३९।- सन्चित कोषको गोश्वारा भौचरमा बैङ्ग डेबिट गरेकोमा संचित कोषको बैंङ्क नगदी किताबमा आम्दानि जनाएको पाईएन । यो रकम अर्थात रु. ६,४१,५२,५३९।- चालु खर्च खाताको बैङ्ग स्टेटमेन्टमा मिति २०७४।६।२ मा डेबिट अर्थात खर्च जनाएको छ । चालु खाताको बैङ्ग स्टेटमेन्टमा डेबिट गरी खर्च जनाएको उक्त रु.६,४१,५२,५३९।- सन्चित कोषको बैङ्ग नगदी किताबमा आम्दानि जनाएको पाईएन, तर संचित कोषको बैङ्ग खातामा मिति २०७४।६।२ मै केडिट अर्थात आम्दानी भएको बैङ्ग स्टेटमेन्टबाट देखिन्छ । यस प्रकार सन्चित कोषमा आम्दानि भई चालु खातामा ट्रान्सफर भई खर्च हुनु पर्ने रकम चालु कोश खातामा सिधै जम्मा भई खर्च भएको समेत पाईएबाट सन्चित कोषको हिसाब सही र यथार्थ छ भन्न सक्ने आधार भएन । | |
| २.१४ | यस नगरपालिकाको राष्ट्रिय बाणिज्य बैङ्कमा चल्ती खाता नंबर २०८०००३३८२०१ को बैङ्क खातामा २०७४।११।१० मा मौज्दात रहेको रकम रु. १,२५,१६,७७४।६७ मध्ये रु.९०,९७,७७४।६७ राजश्वमा र रु.३४,१९,०००।- सन्चित कोष खातामा जम्मा गर्न च.नं. ८७८ मिति २०७५।१।७ को पत्रबाट अनुरोध भएकोमा सो रकम जम्मा भएको पाईयो । २०७४।४।१ देखि २०७५।११।१० सम्म यस बैङ्कमा रु.३,९१,००,५७४।०० आम्दानी र संन्चित कोष खातामा फिर्ता गरेको रु.१,२५,१६,७७४।- बाहेक रु. २,६५,८३,८००।- खर्च रहेको बैंङ्क स्टेटमेन्टबाट देखिएकोमा यो आम्दानि खर्च संचित कोश हिसाबमा अभिलेखाङ्क भए नभएको संबन्धमा प्रत्येक शिर्षकगत बैङ्क नगदि किताबको प्रत्येक आम्दानी भिडान नभएबाट एबं बैंङ्क गत / शिर्षकगत आम्दानी खर्च रिकन्साईल गरेको नपाईएबाट त्यस्तै यस खातामा २०७४।४।१ मा बैङ्क स्टेटमेन्ट अनुसार देखिएको गत बर्षको मौज्दात जिम्मेवारी रु.२,०३,८८,४७४।- गत बर्ष नै सन्चित कोष खातामा फिर्ता नगरी आ.ब. २०७४।०७५ मा जिम्मेवारी सारेर आम्दानि खर्च गरेको पाईएबाट एकिन गर्ने आधार भएन । यो कारोबार सन्चीत कोषको बैङ्क नगदी किताबमा भिडान भएको समेत पाईएन । | २,६५,८३,८००।- |
| २.१५ | स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७२(१) मा गाउंपालिका तथा नगरपालिकाले प्रत्येक बर्षको साउन एक गते देखि आगामि बर्षको असार मसान्त सम्मको अबधिलाई आर्थिक बर्ष कायम गरी आय र व्ययको हिसाब राख्नु पर्ने व्यहोरा उल्लेख छ । यस बर्षको कारोबारलाई यसै बर्षको श्रेस्तामा देखाउदा श्रेस्ताले देखाएको र बैङ्कले देखाएको मौज्दात फरक परेमा बैङ्क रिकन्साईल गरी हिसाब अध्याबधिक गराई राख्नु पर्नेमा बैङ्क रिकन्साईल गरी हिसाब अध्याबधिक गराई राखेको पाईएन त्यस्तै अर्को आर्थिक बर्षको कारोसारलाई पनि यसै आर्थिक बर्षको कारोबार मानेर लेखाङ्कन गरेको समेत देखियो । तर गौश्वारा भौचर साथ आबश्यक प्रमाणको आधारमा सुरु र अन्तिम मौज्दातको गोश्वारा भौचर तयार गरेको पाईएन । उदाहरणार्थ : सन्चित कोष खातामा बैङ्क स्टेटमेन्ट अनुसार आ.ब. २०७४।४।१ मा खर्च देखाएको रु. ५५,००,०००।- र आम्दानि देखाएको रु. २५,००,०००।-, रु. ६,१८,०००।-, रु.४८,०२,२०५।७२, र रु. ११,०००।- त्यस्तै २०७५।४।७ मा खर्च देखाएको रु.१,४४,५०,४००।- लाई आ.ब. २०७४।०७५ कै खर्च देखाएको पाईयो । त्यस्तै मिति २०७५।४।२० मा आम्दानी भएको रु.१,६९,७७,१६२।११ र रु.८१,१५,०६८।७५ लाई पनि आ.ब. २०७४।०७५ कै आय मानेको तर मिति २०७४।४।१ देखि २०७५।४।२० सम्म भएका अन्य आम्दानिहरुलाई आ.ब. २०७४।०७५ को आयमा समाबेस गरेको पाईएन । यस्तो अबस्था चालु खाता, पूजीगत खाताहरुमा पनि रहेको पाईयो । अन्तिम मौज्दातलाई मात्र हेर्ने हो भने २०७५।३।३२ मा मौज्दात बांकी श्रेस्ता अनुसार र बैङ्क अनुसार क्रमश : संचित कोष खातामा रु.६,६५,७३,२०६।- र रु.५,१२,५१,१४५।०३, चालु खर्च खातामा रु. २४,४७,९००।६२ र रु.२२,५६,१७८।७६, पूंजीगत खर्च खातामा रु.०० र २२,५६,१७८।७६ मौज्दात देखिई श्रेस्ता भन्दा बैङ्कमा सन्चित कोष खाता र चालु खर्च खातामा क्रमश रु. १,५३,२२,०६०।९७ र रु.१,९१,७२१।८६ घटी मौज्दात देखिन्छ भने पूंजगित खातामा श्रेस्तामा सून्य र बैङ्कमा रु.२,४९,४०,१७३।८२ मौज्दात देखिन्छ । त्यस्तै पूंजीगत खाताको | |

गोश्वारा भौचर नंबर ६३८ मिति २०७५।३।३१ बाट बचत रकम सन्चित कोषमा दाखिला भनि रु.२,१२,१०,२०७८१ खर्च(बैङ्क कडिट) गरेकोमा संचित कोषको बैङ्क नगदी किताबमा आम्दानी(डेबिट) र पूंजीगत खाताको बैङ्क स्टेटमेन्टमा खर्च(डेबिट) भएको छैन । खांखबारी नगरपालिकाको आय व्यय बिबरणमा भने पूंजीगत र चालु खर्चको मौज्दात शुन्य उल्लेख गरिएको । तसर्थ आ. ब.२०७४।०७५ को संचितकोष खाताले यथार्थ र सहि आर्थिक कारोबारको चित्रण गरेको पाईएन ।

२.१६ आर्थिक बर्ष २०७३।०७४ को बैंङ्क मौज्दात फरक परेको सम्बन्धमा लेखापरीक्षणबाट बेरुजू औंल्याएपछि मौज्दात फरक परेको बेरुजु संबन्धमा छानबिन हुदा सो भन्दा अघिल्लो बर्षको रकम समेत असूल गर्नु पने देखिई सकेपछि आर्थिक बर्ष २०७३।०७४ भन्दा पछिल्लो अबधिलाई पनि छानबिनको दायरामा लिएको नपाईएबाट आर्थिक बर्ष २०७४।०७५ मा पनि आम्दानी तर्फ सन्चित कोषबाट भएको कतिपय खर्चलाई, खर्च लेख्दा कुन कुन खर्च शिर्षकको लागी खर्च लेखेको हो कच्चावारी उल्लेख नगरेकोले कुन कुन खर्च शिर्षकको आम्दानी हो भिडान हुन सकेको छैन । यस संबन्धमा बैङ्क स्टेटमेन्टको प्रत्येक कारोबार संग शिर्षकगत बैङ्क नगदी किताब र सन्चित कोषको बैङ्क नगदी किताब बीच कारोबारगत आम्दानि भिडान गरि बैङ्क रिकनसीलिएसन बिबरण पनि तयार गरेको छैन । तसर्थ संचित कोषको आम्दानि एकिन गर्ने आधार भएन ।

२.१७ सन्चित कोषको बैङ्क नगदी किताबमा आम्दानी बांधेको निम्नानुसारको रकम कहिले कहिले के के काम बापतको कति कति आम्दानी हो खुलेको जस्ता प्रमाणहरु संलग्न नगरी निम्नानुसार आम्दानि गरेकोले हुनु पर्ने जति आम्दानी भयो भएन भिडान गर्ने आधार भएन ।

| गो.भौ. नं. र मिति | बिबरण | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १६।२०७४।७।३० | २०७४ श्राबण देखि कार्तिक सम्मको आन्तरिक आय | ३५,१४,१५३।०१ | |
| ५८।..... | बैङ्क स्टेटमेन्ट अनुसार आम्दानी | ५४,१७,००३।२६ | |
| ७६।२०७५।१।१३ | पुरानो सन्चित कोषबाट फिर्ता रकम | १,६२,२४,५००।- | संघमा फिर्ता गर्नु पर्ने, नपर्ने कहिलेको कुन, कस्तो रकम नखुलेको |
| १०५।२०७५।३।२५ | बैङ्क स्टेटमेन्ट अनुसार आम्दानी | १५,२४,०९५।१० | |
| | जम्मा | २,६६,७९,७५१।३७ | |

२.१८ साविक गा.वि.स.को सम्पत्ति हस्तान्तरणको अध्याबधिक अभिलेख नराखेको, नगदी रसिदबाट असूली रकमको पोस्टीङ्ग अभिलेख म.ले.प.फा.नं. १०८, १०९ आदि अभिलेख राख्ने (नगरी सफ्टबेयरबाट नगद आम्दानि गर्ने गरेको, तर सफ्टबेयरको आधिकारिकता पुस्टी नभएको) नगरेको, योजनागत बजेट खर्चको अभिलेख राख्ने नगरेको आदि अबस्था बिद्यमान रहेको देखियो । तसर्थ आन्तरिक नियन्त्रणमा सुधार हुनु पर्दछ ।

**संचित कोष (खाता नंबर २०८०३०४०१८१०२)** : यस बर्ष सन्चित कोषको आय व्यय रु.४८,७४,५०,०८२।९७ भएको बिबरण लेखापरीक्षणार्थ प्रस्तुत हुन आएको संबन्धमा देखिएका व्यहोराहरु निम्न छन् ।

२.१९ संन्चित कोषको बैङ्क नगदी किताब अनुसार गत बर्षको मौज्दात जिम्मेवारी ८५,०२,२७२।- समेत कूल आम्दानि रु.५२,६२,११,५६७।५१ मध्ये कूल खर्च रु.४५,९६,३८,३६१।- भई रु. ६,६५,७३,२०६।५१ मौज्दात रहेको देखिन्छ । केन्द्रीय आर्थिक बिबरण संग संचित कोषको आम्दानि खर्च मात्र भिडान गर्न सकिने गरी रिकन्सीलिएसन बिबरण तयार गरेको पाईएन ।

२.२० संन्चित कोषको बैङ्क नगदी किताब र २०७४।४।१ को संन्चित कोषको बैङ्क स्टेटमेन्ट अनुसार गत बर्षको मौज्दात जिम्मेवारी ८५,०२,२७२।९३ देखिन्छ । आ.ब. २०७३।०७४ को आ.बि. को अन्तिम मौज्दात आ.ब.

२०७४।०७५ को सुरु मौज्दात संग भिडान गर्न गत बर्षको आर्थिक बिबरण लेखा परिक्षणार्थ प्रस्तुत भएन । खांदबारी नगरपालिकाको आ.ब. २०७४।०७५ को आय व्यय बिबरणमा सन्चित कोषको मौज्दात जिम्मेवारी रु.२,६४,८७,८५१।५२ उल्लेख भएबाट बढ्न गएको जिम्मेवारी संबन्धमा हिसाब रिकन्साईल गरी बास्तबिक जिम्मेवारी अङ्क एकिन हुनु पर्ने देखियो ।

२.२१ संन्चित कोषको बैङ्क नगदी किताबको आम्दानि खर्च बिबरण बैङ्क स्टेटमेन्टको आधारमा तयार गरेको लेखापरिक्षणको क्रममा मौखिक जानकारी हुन आयो ।

२.२२ सन्चित कोषको बैङ्क नगदि किताबको डेबिट महलमा देखाएका अर्थात आम्दानिका प्रत्येक रकमहरु र बैङ्क स्टेटमेन्टमा मितिगत रुपमा देखाएको केडिट महलका आम्दानिका महलहरु संग सोझै भिडान हुने गरी र के के गर्दा भिडान हुन्छ छुट्टीने गरी अभिलेख राखेको पाईएन ।

२.२३ सन्चित कोषको बैङ्क नगदी किताबमा गोश्वारा भौचर नंबर १०५ नंबर सम्मको प्रबिस्टि भएकोमा गोश्वारा भौचर नंबर १०० देखि १०५ नंबर सम्मको कारोबार कडिट महलमा नभएको र डेबिट महलमा कूल रु. ४,२५,९९,८०६।७५ को कारोबारको भएकोमा सो आम्दानीको प्रमाण संलग्न राखी गोश्वारा भौचर तयार गरेको पाईएन ।

२.२४ संचित कोषको बैङ्क नगदी किताबको केडिट महलमा देखाएको अर्थात पुंजीगत वा चालु खाताको कुन खर्च शिर्षकमा खर्च ट्रान्सफर गरेको हो सो नखुलाई खर्च जनाएको रकम नगरपालिकाले राखेको शिर्षकगत बैङ्क नगदी किताबमा डेबिट गरेको अर्थात् आम्दानी जनाएको पाईएन । यस्तो रकम सन्चित कोषको बैङ्क स्टेटमेन्टमा डेबिट अर्थात भुक्तानी भएको पनि नपाईएकोले के भएको हो प्रमाण प्रस्तुत हुन आएन ।

| गोश्बारा भौचर र मिति | रकम (रु.) | कैफियत |
|---|---|---|
| ११।२०७४।६।२ | ५,४७,६८,४६१।- | गोश्वारा भौचर पनि तयार गरेको छैन |
| २१।२०७४।८।१९ | १०,००,०००।- | |
| जम्मा | ५,५७,६८,४६१।- | |

२.२५ सन्चीत कोषको बैङ्क नगदी किताबमा केडिट अर्थात खर्च (ट्रान्सफर) नजनाएको (पोस्टिङ्ग नभएको) रु. ५,००,०००।-, संचित कोशको बैङ्क स्टेटमेन्टमा भुक्तानि भएको र खर्च शिर्षकको बैङ्क नगदी किताबमा आम्दानी जनाएको देखिएकोले के भएको हो प्रमाण प्रस्तुत हुन आएन ।

२.२६ सन्चित कोषको बैङ्क नगदी किताबमा चालु वा पूजिगत शिर्षकबाट कुन खर्च शिर्षकको बैङ्क नगदी किताबमा डेबिट गर्ने अर्थात् आम्दानि जनाउने नखुलाई केडिट अर्थात खर्च (ट्रान्सफर) मात्र जनाएको र संचित कोशको बैङ्क स्टेटमेन्टमा पनि निम्नानुसारको रकम भुक्तानि भएको देखिएको तर खर्च शिर्षकको बैङ्क नगदी किताबमा आम्दानि नदेखिएकोले के भएको हो प्रमाण प्रस्तुत हुन आएन । खर्च शिषकको बैङ्क नगदि किताबमा डेबिट अर्थात आम्दानी नदेखिने रकम भए असूल हुनु पदर्छ । यसोहुंदा प्रत्येक खर्च शिर्षको आम्दानी कति मध्ये खर्च भएको हो आम्दानी एकिन गर्ने आधार भएन । शिर्षकगत आम्दानी भिडान नहुनाले चालु, पूंजिगत, आदि बैङ्क खातामा रकम सिधै प्राप्त भएर (सन्चित कोषमा आम्दानी नजनाई) खर्च भए नभएको एकिन गर्ने आधार समेत भएन । सन्चित कोषमा आम्दानी नजनाई खर्च शिर्षक खातामा सिधै रकम प्राप्त भएर बिनियोजित बजेट बाहिरको काममा खर्च भएको रकम खर्च शिर्षकको आम्दानि रिकन्साईल गर्दा देखिएमा यस्तो रकम समेत नियमानुसार असूल हुनु पर्दछ ।

| खर्च लेखेको मिति | खर्च रकम (रु.) | खर्च लेखेको मिति | खर्च रकम (रु.) |
|---|---|---|---|
| २०७४.४.४ | ५४,०००. | २०७४.४.२० | ३३,२८,८००. |
| २०७४.५.२८ | २५,५०,३०१ | २०७४.६.९ | ३०,००,०००. |
| २०७४.६.९ | ५००,००० | २०७४.६.२९ | २०,००,०००. |

| | | | |
|---|---|---|---|
| २०७४.८.३ | १,८४,८१,००० | २०७४.८.२० | २०,००,०००. |
| २०७४.८.२० | ५,००,००० | २०७४.९.२ | ५०,००,०००. |
| २०७४.१०.३ | २०,००,००० | २०७४.१०.१२ | ३०,००,०००. |
| २०७४.१०.२२ | ३०,००,००० | २०७४.११.३० | ४,००,०००. |
| २०७४.११.३० | ८,३०,००० | २०७५.१.२ | ४०,००,०००. |
| २०७४.११.३० | २,८६,००० | २०७५/३/२७ | २००००००.०० |
| २०७५.१.७ | १,७४,४२,६८१ | | |

२.२७ निम्नानुसार राष्ट्रिय बाणिज्य बैङ्कमा रहेको बचत खाताको बैङ्क स्टेटमेन्टमा २०७४।४।१ मा सुरुमा जिम्मेवारी सारेको रकमबाट त्यसैदिन भएका आम्दानी, खर्चका डेबिट, क्रडिट कारोबार घट्ने बढ्ने नभई सुरुमा जिम्मेबारी सारेकै रकम व्यालेन्स देखिने गरेको पाईयो । यस संबन्धमा के भएको हो पुस्ट्यायी प्रमाण संलग्न भएको पाईएन । उदाहरणार्थ :

| मिति | डेबिट | क्रेडिट | बैंङ्क स्टेटमेन्टको outs. balance (रु.) | कैफियत |
|---|---|---|---|---|
| २०७४.४.१ | | | ८५,०२,२७२.९३ | खाता नं. २०८०३०४०१८१०२ |
| २०७४.४.१ | ५५,००,०००. | ७९,३१,२०५.७२ | ८५,०२,२७२.९३ | ४ वटा क्रेडिट कारोबारको जोड |
| २०७४.४.१ | | | ५,४२,७३२.३८ | खाता नं. २०८०३०२०१६१०२ |
| २०७४.४.१ | १.५१.६०२.६८ | – | ५,४२,७३२.३८ | २ वटा डेबिट कारोबारको जोड |
| २०७४.४.१ | १,३७,९००. | | | खाता नं. २०८०३०२०२६२०२ |
| २०७४.४.१ | | | ३५,९९,३३८.५९ | २ वटा डेबिट कारोबारको जोड |
| २०७४.४.१ | १७,६८,८७८.४८ | ५५,००,०००. | ३५,९९,३३८.५९ | १२ वटा डेबिट कारोबारको जोड |

२.२८ आर्थिक कारोबार संग संबन्धित बिभिन्न अभिलेखहरु जस्तो बैङ्क नगदी किताब, पेश्कि लेजर, जिन्सी खाता आदि, आय संग संबन्धित अभिलेखहरु, एबं योजनागत अभिलेख, जस्ता बिभिन्न अभिलेख खाताहरु अध्याबधिक गराई राख्नु पर्ने देखियो ।

२.२९ **खर्च शिर्षक :** नगरसभाबाट स्वकृत बार्षिक कार्यक्रमको आम्दानि खर्चका प्रत्येक शिर्षकलाई नगरपालिकाको लेखाङ्कन गर्दा राखेका शिर्षकहरु संग भिडान हुने गरी नेपाल सरकारले निर्धारण गरे बमोजिम संम्माहित गर्नु पर्नेमा आम्दानी खर्च लेखाङ्कन गर्दा आम्दानी खर्चका शिर्षकहरु सोझै भिडान हुने गरेको पाईएन ।

२.३० **बार्षिक खरिद योजना** : नगरपालिकाको संपूर्ण गर्नु पर्ने कृयाकलापहरुकाहरु समेटेर तयार गरेको आ.ब. २०७४।०७५ को बार्षिक खरीद योजना लेखापरीक्षणर्थ पेश हुन आएन ।

२.३१ **कार्य विवरण :** निजामती सेवा ऐन २०४९को दफा ५क(१) मा नेपाल सरकारले स्वीकृत गरेको संगठनकाने कार्य विवरणको आधारमा सम्बन्धित सचिव, विभागीय प्रमुख तथा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु गर्नु पर्नेछ । त्यस्तो कार्य विवरणमा त्यस्तो पदको काम ,कर्तव्य उत्तरदायित्व, अधिकार र योग्यता समेत स्पष्ट रुपमा किटिएको हुनु पर्नेछ भन्ने उल्लेख छ । कार्यालयले ऐनले तोके बमोजिमको कार्य

| | | |
|---|---|---|
| | विवरण बनाइ लागु गरेको पाइएन । कार्य विवरण नदिदा अधिकार र जिम्मेवारी स्पष्ट नहुने भएकोले कार्य सम्पादनमा असर पर्ने देखिन्छ । तसर्थ नगरपालिकाले कार्य विवरण तयार गरी कर्मचारीको जिम्मेवारी र अधिकार किटान गरी ऐनको परिपालना गर्नु पर्ने देखिन्छ । | |
| २.३२ | **कार्यक्रमगत खाता :** वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यक्रम सञ्चालन गर्दा विभिन्न श्रोतबाट विनियोजित बजेट, निकासा एवं खर्चको स्थिति स्पष्ट हुने गरी प्रत्येक कार्यक्रम, कामको कार्यक्रमगत खाता, योजनागत खाता राख्नु पर्छ । जसले गर्दा खर्च स्वीकृत कार्यक्रम अनुसार भए नभएको र योजनागत खर्च स्पष्ट हुन्छ । कार्यालयबाट सञ्चालित प्रत्येक कार्यक्रमहरुको स्रोत छुट्टीने गरी कार्यक्रमगत खाता राखेको पाइएन जसले गर्दा कुन कार्यक्रम / काममा कति खर्च भयो भन्ने यकिन गर्न सकिएन । कार्यालयले स्विकृत कार्यक्रम अनुरुप कार्यक्रमगत खाता राख्ने तर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । | |
| २.३३ | **व्यबस्थित अभिलेख :** यस नगरपालिकाको आर्थिक कारोबार गर्दा आबश्यक पर्ने श्रेस्ता अभिलेख स्थानिय निकाय आर्थिक प्रशाशन नियमाबली २०६४ मा स्थानीय निकायले राख्नु पर्ने अभिलेख संबन्धमा स्पस्ट व्यबस्था गरेको छ । महालेखा नियन्त्रक कार्यालयले बिभिन्न म.ले.प. फारामहरुको प्रयोग गरी लेखा राख्नु पर्ने व्यबस्था गरेको छ । यस नगरपालिकामा राखिने र राख्नु पर्ने बिभिन्न आम्दानि खर्चका अभिलेखहरु जस्तो योजनागत अभिलेख, आन्तरिक आय असूली र दाखिलाको अभिलेख, साधारण सभाबाट स्वीकृत शिर्षकगत आम्दानि र खर्चका प्रत्येक शिर्षकमा भएको विनियोजन, खर्च, रकमान्तरबाट भएको थप घट मिलाएको अभिलेख जस्ता आन्तरिक नियन्त्रणको लागी आबस्यक हुने संपूर्ण अभिलेख म्यानुएल वा कंप्युटरमा राखेको भए सो को सफ्ट कपि निकालि आर्थिक बर्षगत रुपमा देखिने गरी जिम्मेवार पदाधिकारीबाट दस्तखत समेत गरी गराई अध्याबधिक गराई संस्थागत रुपमा रहने गरी राख्ने गर्नु पर्ने देखियो । | |
| २.३४ | **न्याय सम्पादन :** आर्थिक बर्ष २०७४।०७५ मा १३ वटा उजूरी परेकोमा सबै फछ्र्योट गरेको भएपनि उजूरी / मुद्दाको अभिलेख राख्ने गरेको नपाईएकोले अभिलेख खडा गरी राख्नु पर्ने देखियो । | |
| २.३५ | **कार्य योजना :** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा २४(१) मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि रणनीतिगत, बिषय क्षेत्रगत, मध्यकालिन, तथा दिर्घकालीन विकास योजना बनाई लागु गर्नु पर्ने व्यहोरा उल्लेख भएकोमा यस्तो रणनीतिगत, बिषय क्षेत्रगत, मध्यकालिन, तथा दिर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्दछ । | |
| २.३६ | **शिक्षक अभिलेख :** बिभिन्न बिद्यालयका शिक्षकहरुको बिद्यालयगत दरबन्दी, नियुक्ति, सरुवा, काज, अबकास, आदि खुलेको अभिलेख रजिस्टर लेखापरिक्षणार्थ प्रस्तुत नभएकोले शिक्षहहरुलाई लेखेको तलब, भत्ता खर्च भिडान गर्ने आधार भएन । शिक्षकको पारित तलबि प्रतिबेदन प्रस्तुत हुन आएन । | |
| २.३७ | **लग बुक र अन्य अभिलेख :** यस नगरपालिकामा ब्लाक हो लोडरको आ. ब. २०७४।०७५ मा लगबुक राखेको पाईएन । त्यस्तै मर्मत संबन्धि अभिलेख र भ्रमण अभिलेख खाता पनि राखेको पाईएन । तसर्थ राख्नु पर्ने खाता राखेर अध्याबधिक समेत गराई राख्नु पर्ने देखियो । | |
| २.३८ | **आर्थिक प्रतिबेदन :** यस नगरपालिकाले बिद्युतीय लेखा राखेको पाईएन । त्यस्तै, आर्थिक बर्ष २०७४।०७५ को आर्थिक कारोबारको बार्षिक प्रतिबेदन, जस्ता प्रतिबेदनहरु तयार गरेको पाईएन । | |
| ३ | **कन्टिजेन्सी अभिलेखः–** नगरपालिका सभाबाट निर्णय गरी एकमुष्ठ रुपमा योजनामा बिनियोजन गरीएको रकमबाट कन्टिजेन्सी रकम कट्टा गरेको र कन्टिजेन्सी रकम नगरपालिकाले खर्च गरेकोमा सो को अभिलेख नराखेको कारण कुल खर्च कति भन्ने सम्बन्धमा यकिन गर्न सकिएन । कन्टिजेन्सी खर्च गर्ने सम्बन्धमा नगरपालिका सभाबाट कार्यबिधि तथा नियम बनाएको पाईएन । तसर्थ यसरी कन्टिजेन्सी खर्च गर्दा निश्चित मापदण्ड र कार्यबिधि बनाएर मात्र खर्च गरिनुपर्दछ । कन्टिजेन्सी खाता अद्यावधिक नरहेको कारण कन्टिजेन्सी खर्च तथा बांकी रकमको सम्बन्धमा अद्यावधिक अभिलेख राख्नु पर्ने देखियो । | |
| ४ | **प्रसासनिक खर्च :** मिति २०७४।५।३० मा बसेको नगरसभाको निर्णयबाट आ. ब. २०७४।०७५ को बजेट ४३ करोड ३१ लाख ३२ हजार ८८९ रुपैंया बजेट पास गरेको मध्ये प्रशासनिक खर्च रु.४,५८,७७,२८१।- अर्थात् कूल | |

| | | |
|---|---|---|
| | बजेटको १०.५९ प्रतिशत छुट्याएको पाईयो । यस नगरपालिकाले प्रसाशनिक शिर्षक उल्लेख नगरेपनि केन्द्रीय चालूगत खर्चमा रु. ३,९२,४३,२३८।- खर्च गरेको देखियो । प्रशासनिक खर्चको लागी स्पस्ट छुट्याएर बजेट बिनियोजन र खर्च गर्ने गर्नु पर्ने देखियो । निर्माण बजेट  कस्तो कस्तो खर्चलाई मान्ने, आन्तरिक आय मध्ये के कस्तो कामलाई प्रशाशनिक खर्च मान्ने जस्ता क्राईटेरिया तय नगरीकन नै आन्तरिक आय,र प्रशासनिक खर्च हुने गरेको पाईयो । त्यस्तै पूजिगत खर्च र चालु खर्च कुनवाट के कस्तो खर्च गर्न सकिने हो आधार तय गरेर मात्र चालु र पूंजीगत खर्च गर्ने गर्नु पर्ने देखियो । | |
| ५ | **स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ यस नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ६ | **खर्च नभएको :** गौ.भौ.नं. र मिति ४।२०७४।४।५ बाट सिद्धेश्वरी मन्दीर जाने बाटो निर्माणको लागी जिल्ला बिकास समितिबाट प्राप्त रु. २,००,०००।- रकम खर्च भएको नपाईएबाट संघीय सन्चित कोषमा दाखिला हुनु पर्ने देखियो । | २,००,०००।- |
| ७ | **भुक्तानि दिन बांकिको बिबरण :** योजना संग संबन्धित बिभिन तथ्याङ्कहरु आर्थिक बर्षगत रुपमा देखिने गरी योजनागत अभिलेख रजिष्टिर खडा गरी राखेको छैन । यसो हुदा यस नगरपालिकामा हाल सम्म के कस्ता कति योजना कुन आर्थिक बर्षमा कति बिनियोजित र संसोधित भए, कति योजना अपुरो अबस्थामा नै रहिरहेका छन् , कति योजना सम्पन्न भए, कति योजनाको भुक्तानी दिन बांकी छ वा छैन, जनश्रमदान, लागत सहभागिताको अनुपात ⁄ अबस्था कस्तो छ, कुन योजनामा कति खर्च भएको छ, कति कति कर धरौटी कटाई कति भुक्तानि भयो, संझ्यौता भन्दा बढी भुक्तानी हुन गएको छ छैन, समय भित्र काम सकिएको छ छैन  र आगामी बजेट तर्जुमा गर्दा कुन ठाउमा कस्तो योजनालाई प्राथमिकता दिने भनि निर्णय गर्न आबश्यक पर्ने तथ्याङ्क जस्ता बिभिन्न तथ्याङ्क हेर्न सक्ने अबस्था रहेको पाईएन  । यस प्रकारको तथ्याङ्कको अभिलेखाङ्कन अबस्थाले गर्दा योजनागत एकमुस्ट प्रगति एकिन गर्न सक्ने आधार भएन । त्यस्तै  बार्षिक नगर बिकास योजना (नीति कार्यक्रम तथा बजेट) २०७४।०७५ पुस्तिकामा उल्लेखित २०७४।३।३१ सम्मको १५ योजना ⁄ कामको भुक्तानि दिन बांकि रकम रु.४२,८७,४७०।६० र बार्षिक नगर बिकास योजना (नीति कार्यक्रम तथा बजेट) २०७५।०७६ पुस्तिकामा मा उल्लेखित २०७५।३।३१ सम्मको ३ योजनाको भुक्तानि दिन बांकि रकम रु.५४,४५,२०३।५२ रकम र नगर कार्यपालिकाको माईन्यूटमा भएको निर्णयमा २०७५।३।३१ सम्मको भुक्तिानि दिन बांकी ५९ योजनाहरु को रकम रु.३,१८,६९,१५८।८८ रहेको देखिएबाट योजना यतिनै थियो, यति नै भुक्तानी दिन बांकि रहेको, र यति वटाको भुकतानि भई अब भुक्तानि दिन बांकि छ छैन भनि भिडान गर्ने आधार भएन । त्यस्तै उक्त पुस्तिकाको तथ्याङ्क र नगरपालिकाको निर्णय तथ्याङ्क बीच पनि मेल खाएको देखिएन । | |
| ८ | **सफ्टवेयरको प्रयोग :** एकीकृत संपत्ती कर ⁄ घर जग्गा कर, नगरपालिकाको आन्तरिक आम्दानी अभिलेखाङ्कनको लागी, बडा नंबर १० र ११ (सितलपाटी) मा प्रयोग भएको सफ्टवेयर जस्ता सफ्टवेयरहरु यस नगरपालिकाले प्रयोगमा ल्याएको देखियो । यस्ता सफ्टवेयरको आधिकारीकता संबन्धमा कहि कतैबाट स्वीकृति ⁄ ग्यारेन्टि लिएको पाईएन । यस्ता सफ्टवेयरको स्वामित्व पनि नगरपालिकामा रहेको पाईएन । स्वामित्व नहुदा मर्मत वा सन्चालान समस्या आउंदा आपूर्तकको आबश्यकता पर्ने र निकायको तथ्याङ्क पनि आपूर्तकको पहुंचमा हुने समस्या रहेको पाईयो । यस संबन्धमा संबन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ । आ.ब. २०७४।०७५मा उक्त | |

सफ्टवेयरमध्ये न.पा.कार्यालयमा रहेको सफ्टवेयरबाट प्राप्त रु.१,१६,३१,२५३।६० (निकासा/सापटि रु.६४,०८६।- समेत) र उक्त वडा नंबर १० र ११ बाट प्राप्त रु.४,८८,५२३।४० गरी रु.१,२१,१९,७७७।- आन्तरिक आम्दानि भएको देखियो । आन्तरिक नगद आम्दानिको लागी म्यानुएल अभिलेख राखेको पाईएन । आन्तरिक आम्दानिका शीर्षकहरु घर जग्गा कर, सम्पत्ती कर, नाता प्रमाणित, आदि जस्ता शिर्षकहरु आबश्यकता अनुसार सफ्टवेयरमा थप घट गरेर पुरानो शिर्षक हटाउने वा नयां शिर्षक थप गरेर सन्चालन गर्न सकिने सुबिधा रहेको हुंदा कुनै प्रकारको संसोधन गर्दा पुरानो र संसोधन गरेको देखिने प्राबधान समेत हुनु पर्ने देखियो ।

९ **खर्च नहुने जिन्सी आम्दानि बांधेर तत्काल खर्च जनाएको :** खर्च नहुने जिन्सी खातामा आम्दानि जनाएको जिन्सी सामानलाई यहि खाताको कैफियत महलमा सामान लानेको नाम वा दर्जा उल्लेख गरी वा केहिपनि उल्लेख नगरी तत्काल खर्च समेत जनाउने गरेको पाईयो । लिलाम, मिन्हा, हस्तान्तरण आदिको प्रकृयाबाट मात्र खर्च लेख्न मिल्ने सामानलाई यस्ता प्रक्रीया, निर्णय बेगर नै खर्च लेखेको पाईएकोले र जिन्सी निरिक्षण समेत गरे गराएको नपाईएकोले हाल सम्म नगरपालिकाको खर्च नहुने जिन्सी सामानहरु प्रक्रिया नपु-याई के कति खर्च लेखिएका छन् ती सबै सामानहरु को एकिन गरी नगरपालिकामा मौजुदा रहेको खर्च नहुने जिन्सी सामानको अभिलेख अध्याबधिक गराई राख्नु पर्ने देखियो । आर्थिक बर्ष २०७४।०७५ मा प्रकुया नपु-याई खर्च लेखेका केहि सामानहरु निम्नानुसार छन् । १,३७,१८,८१५।२८

| जि. खा. पा. न. | जिन्सी दाखिला मिति | जिन्सी सामानको नाम | परिमाण | खरिद मुल्य | खर्च जनाएको मिति | खर्च परिमाण | खर्च जनाएको रु. |
|---|---|---|---|---|---|---|---|
| २८ | ०७५।३।१६ | टि एल स. ३२१० पोर्ट | १ | १७,६९९.१२ | ०७५।३।१६ | १ | १७,६९९.१२ |
| २९ | ०७५।३।१६ | मिकरोटिक राउटर | १ | १३,२७४.७७ | ०७५।३।१६ | १ | १३,२७४.७७ |
| ३० | ०७५।३।१६ | न्यानो स्टेसन | ३ | १४,६०१.७७× ३= ४३,८०५.३० | ०७५।३।१६ | ३ | १४,६०१.७७× ३= ४३,८०५.३० |
| ३१ | ०७५।३।१६ | ८पोर्ट स्वीच | १० | ४६०१.७७×10= ४६,०१७.७ | ०७५।३।१६ | १० | ४६०१.७७×10= ४६,०१७.७ |
| ३२ | ०७५।३।२९ | महेन्द्र वोलेरो गाडी को १ व ५६१ | १ | ३८,९०,०००.०० | ०७५।३।२९ | १ | ८,९०,०००.०० |
| ३६ | ०७४।६।८ | कोरआई ५ कम्प्युटर | १ | ६८,०००.० | ०७४।६।८ | १ | ६८,०००.० |
| ३६ | ०७४।११।२९ | एक्सर कम्प्युटर | १ | ४०,०००.० | ०७४।११।२९ | १ | ४०,०००.० |
| ३६ | ०७४।१२।२९ | कोरआई ३ कम्प्युटर | ५ | ४२,४७७.८८ का दरले ५ वटाको जम्मा २,१२,३८९.४ | ०७४।१२।२९ | ५ | ४२,४७७.८८ का दरले ५ वटाको जम्मा २,१२,३८९.४ |
| ३६ | ०७४।१२।२९ | कोरआई ५ कम्प्युटर | १ | ६९,०००.० | ०७४।१२।२९ | १ | ६९,०००.० |
| ३६ | २०७५।३।३ | कोरआई ३ कम्प्युटर | १ | ४८,०००.० | २०७५।३।३ | १ | ४८,०००.० |
| ३६ | ०७५।३।३ | कोरआई थ्रि कम्प्युटर | ४ | ३९,३८०.५३का दरले ४ वटाको जम्मा १,५७,५२२.५२ | ०७५।३।३ | ४ | ३९,३८०.५३का दरले ४ वटाको जम्मा १,५७,५२२.५२ |
| ३६ | ०७५।३।१९ | कोरआई ५ कम्प्युटर | १ | ५६,०००.० | ०७५।३।१९ | १ | ५६,०००.० |
| ३७ | ०७४।६।८ | लेजर डट प्रिन्टर | २ | ४०,०००×२= ८०,०००.० | ०७४।६।८ | २ | ४०,०००×२= ८०,०००.० |
| ३७ | ०७४।१२।२९ | थ्रि इन वान प्रीन्टर | ५ | १४,६०१.७७× ५= ७३,००८.९ | ०७४।१२।२९ | ५ | १४,६०१.७७× ५= ७३,००८.९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३७ | ०७५।३।३ | डड म्याक्सि पिन्टर | ६ | १८,०००×६= १,०८,०००.० | ०७५।३।३ | ६ | १८,०००×६= १,०८,०००.० |
| ३९ | ०७५।३।२८ | ३६०० एमएमको हयुम पाइप | १२ | ३,३४,२५४.० | ७५।३।२८ | १२ | ३,३४,२५४.० |
| ४० क | ०७५।३।३ | ब्याकअप इन्भर्टर | १० | ८६,०००.०×१०= ८,६०,०००.० | ०७५।३।३ | १० | ८६,०००.०×१०= ८,६०,०००.० |
| ४५ | ०७५।३।५ | टेलिस्कोप एम्नी लेभल | ५ | ७७,५००.० | ०७५।३।५ | ५ | ७७,५००.० |
| ५१ | ०७५।३।२० र ०७४।११।२३ | घुम्ने कुर्सी | १८ | २,६४,८९०.० | ०७५।३।२० र ०७४।११।२३ | १८ | २,६४,८९०.० |
| ५६ | ०७५।३।२३ | सिलीगं फेन | ६ | १८,०००.० | ०७५।३।२३ | ६ | १८,०००.० |
| ६० | ०७५।३।२२ | चेक राइटर | १ | १५,२५५.० | ०७५।३।२२ | १ | १५,२५५.० |
| ६१ | ०७४।६।८, ११।२८, १२।२९ | ल्याप्टप | ४ | ३,३४,७९६.४६ | ०७४।६।८, ११।२८, १२।२९ | ४ | ३,३४,७९६.४६ |
| ६१ | ०७५।३।२० र ३।३२ | ल्याप्टप | ३ | २,५२,२१०.० | ०७५।३।२० र ३।३२ | ३ | २,५२,२१०.० |
| ६२ | ०७५।३।२० | स्कुटर | १ | १,९५,९००.० | ०७५।३।२० | १ | १,९५,९००.० |
| ६३ | ०७४।६।२४ | सिसा ह्याक | २ | ७,०००.० | ०७४।६।२४ | २ | ७,०००.० |
| ६४ | ०७५।३।२० | मोटरसाइकल | १ | २,८५,०००.० | ०७५।३।२० | १ | २,८५,०००.० |
| ६४ क | ०७५।२।१४ | केस ब्याक लोडर | १ | ३९,३५,०००.० | ०७५।२।१४ | १ | ३९,३५,०००.० |
| ११५ | ०७५।३।५ | जि. पि. एस | ३ | १,९५,०००.० | ०७५।३।५ | ३ | १,९५,०००.० |
| २२० | ०७५।३।१४ | डेल पावर सर्भर | १ | ४,३८,०५३.० | ०७५।३।१४ | १ | ४,३८,०५३.० |
| २२२ | ०७५।३।१८ | हेल्मेट | १ | ३,०००.० | ०७५।३।१८ | १ | ३,०००.० |
| २२३ | ०७५।३।५ | लेभलिगं स्टाफ | ४ | १६,०००.० | ०७५।३।५ | ४ | १६,०००.० |
| २२३ क | ०७५।३।५ | सोकिया वि २० अटो लेवल | १ | १,०२,०००.० | ०७५।३।५ | १ | १,०२,०००.० |
| २२४ | ०७५।३।३२ | प्रोजेक्टर | १ | ५४,०००.० | ०७५।३।३२ | १ | ५४,०००.० |
| २२५ | ०७४।६।१ | जस्ता पाता | ५ | १२,५००.० | ०७४।६।१ | ५ | १२,५००.० |
| २२६ | ०७५।२।२८ | डष्टविन | १२१ | ४,९८,७९१.०४ | ०७५।२।२१ | १२१ | ४,९८,७९१.०४ |
| २२७ | ०७४।७।२० मा हस्तान्तरण भई आएको मन्त्रालयवाट | स्कार पीयो गाटी वा. २ भ्क ३१९६ | १ | | | १ | |
| १५४ | ०७५।३।२१ र ३।१८ | इन्भर्टर | २ | ३३,५००.० | ०७५।३।२१ र ३।१८ | २ | ३३,५००.० |
| १५१ | ०७५।३।२१ र ३।१८ | इन्भर्टर | २ | ९४,८००.० | ०७५।३।२१ र ३।१८ | २ | ९४,८००.० |
| २३० | ०७४।४।२७ | टायल | ११०० | १७,५४,३१५.० | ०७४।४।२७ | ११०० | १७,५४,३१५.० |
| २२० | ०७४।६।८ | सिसी टिभी क्यामरा | ३ | २८,५००.० | ०७४।६।८ | ३ | २८,५००.० |

| जि. खा. पा. न. | जिन्सी दाखिला मिति | जिन्सी सामानको नाम | परिमाण | खरिद मुल्य | खर्च जनाएको मिति | खर्च परिमाण | खर्च जनाएको रु. | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०७४।२।२६ | हेवी वक्स टेवुल | १ | ४८,०००.० | ०७४।२।२६ | १ | ४८,०००.० | |
| १ | ०७४।२।२६ | हेवी वक्स टेवुल | १ | २३,०००.० | ०७४।२।२६ | १ | २३,०००.० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०७४।११।२८ | हेवी वक्स टेवुल | १ | २५,०००.० | ०७४।११।२८ | १ | २५,०००.० | |
| १ | ०७५।३।१६ | हेवी वक्स टेवुल | ७ | १,५०,६७५.० | ०७५।३।१६ | ७ | १,५०,६७५.० | |
| ३ | ०७५।३।२० | स्टील कुर्सी | १० | १,५३,७५०.० | ०७५।३।२० | १० | १,५३,७५०.० | |
| ५ | ०७५।३।१८ | प्ला. कुर्सी | ५० | ५२,२७५.० | ०७५।३।१८ | ५० | ५२,२७५.० | |
| ६ | ०७४।३।२० | सर्व वोर्ड | ३ | १२,०००.० | ०७४।३।२० | ३ | १२,०००.० | |
| ६ | ०७४।३।१० | सर्व वोर्ड | ३ | ९,०००.० | ०७४।३।१० | ३ | ९,०००.० | |
| १२ | ०७४।११।२८ | दराज ठुलो | १ | ३२,०००.० | ०७४।११।२८ | १ | ३२,०००.० | |
| १५ | ०७४।११।२३ | हिलटयाकी | ३ | ३७,५००.० | ०७४।११।२३ | ३ | ३७,५००.० | |
| १६ | ०७४।११।१० | स्टील दराज | १ | १३,२७४.० | ०७४।११।१० | १ | १३,२७४.० | |
| १६ | ०७४।११।२८ | स्टील दराज | १ | १४,०००.० | ०७४।११।२८ | १ | १४,०००.० | |
| २२ | ०७४।११।२८ | सोफा सेट | १ | २६,५८४.६७ | ०७४।११।२८ | १ | २६,५८४.६७ | |
| २२ | ०७४।६।२४ | सोफा सेट | १ | ४२,०००.० | ०७४।६।२४ | १ | ४२,०००.० | |
| २३ | ०७४।३।३२, ६।२३, ६।२४ | टि टेवुल | १३ | ६१,५००.० | ०७४।३।३२, ६।२३, ६।२४ | १३ | ६१,५००.० | |
| २५ | ०७५।३।१६ | क्रयाट ६ केवल एण्ड लिंक | २ | २६,५४८.७ | ०७५।३।१६ | २ | २६,५४८.७ | |
| २७ | ०७५।३।१६ | एनटिडव्लु स्वीच पावर विम | ७ | १,४०,७०८.० | ०७५।३।१६ | ७ | १,४०,७०८.० | |
| २७ | ०७५।३।१६ | एनटिडव्लु स्वीच लाइट विम | १० | १,४६,०१७.७ | ०७५।३।१६ | १० | १,४६,०१७.७ | |
| | | **जम्मा** | | | | | **१,३७,१८,८१५।२८** | |

१० **जिन्सी व्यबस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मुताविक खर्च नहुने जिन्सि खातामा फर्निचर, कंप्युटर आदि मालसामानको विवरण (पुरा स्पेसिफिकेशन) खुलाउनु पर्ने देखियो । यस नगरपालिकाको खर्च नहुने जिन्सी खाता र अर्को बिषयगत खाता उल्लेख गरी यसमा बाहिरबाट आएका कार्यालयहरुको खप्ने जिन्सी सामानको लागी यस नगरपालिकाको एउटै खर्च नहुने जिन्सी खाता तयार गरी राखिएमा जिन्सी अभिलेख एकत्रीत हुन जाने देखिन्छ । नियम ५० मुताविक जिन्सि निरिक्षण भई मिति २०७४।११।२५ मा प्रस्तुत जिन्सी निरीक्षण प्रतिबेदनमा उल्लेख भएका सहायक जिन्सी खाता राख्नु पर्ने, नगरपालिकाको लागी प्राप्त जग्गाको अभिलेखाङ्कन गर्नु पर्ने,( स्वामित्व समेत कायम गर्नु पर्ने ), जिन्सी मौज्दात एकिन गर्नु पर्ने, बुझेर लगेका ल्यापटप मोबाईल आदी सामानहरु फिर्ता गर्नु पर्ने, को २६ प ६७२ को मोटरसाईकलको स्वामित्व कायम गराउनु पर्ने, मूल्य नखुलेका जिन्सी सामानहरुको मूल्य कायम गराउनु पर्ने जस्ता व्यहोराहरु कार्यान्यन हुनु पर्ने देखियो । त्यस्तै जिन्सी खातामा पाना नंबर क्रमश गराई, दस्तखत गरी गराई, जिन्सि संकेत न. उल्लेख नभएका जति फर्निचर कंप्युटर आदि जिन्सी सामानमा जिन्सि संकेत नंबर उल्लेख गरि जिन्सीको अवस्था अध्यावधिक गराइ राख्नु पर्ने देखियो ।

११ **सम्पत्ति हस्तान्तरण :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ ।

स्थानीय तहमा सेबा प्रवाह सम्बन्धि व्यबस्था, २०७४ को बुदा नंबर १८(१) मा संघीय संरचना जिल्ला स्तरमा रहने संघीय सरकारका कार्यालयहरु बाहेकका जिल्लास्थित जिल्ला प्राबिधिक कार्यालय, कृषि विकास कार्यालय, पशु सेबा कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, नगर बिकास समिति, खेलकूद बिकास समिति जस्ता बिकास समितिहरु, भू-संरक्षण कार्यालय, शिक्षा कार्यालय, तथ्याङ्क कार्यालय, पर्यटन कार्यालय, महिला तथा बालबालिका कार्यालय, प्रतिष्ठान र आयोजना परियोजना, यस्तै प्रकृतिका जिल्ला स्थित कार्यालय र सो मातहतका अन्य कार्यालय बा निकायहरुको नेपालको संबिधान र स्थानिय सरकार सन्चालन ऐन

| | | |
|---|---|---|
| | २०७४ बमोजिम स्थानीय तहको कार्य जिम्मेवारीमा परेका कार्यहरु स्थानीय तहमा हस्तान्तरण भए अनुसार सो ऐनको दफा १०४ बमोजिम उक्त ऐन प्रारम्भ भएको मितिले ६ महिना भित्र त्यस्ता कार्यालय ,निकाय , समिति तथा अन्य निकायको सम्पत्ति, दाईत्व , अभिलेख , कागजा तथा, बजेट संबन्धित गांउपालिका वा नगरपालिकामा स्थानान्तरण गरीसक्नु पर्ने उल्लेख छ । त्यस्तै बुदा नंबर १८(२) मा यस दफा बमोजिम दाईत्व, सम्पत्ती र कार्यक्रम स्थानान्तरण गर्दा अचल सम्पत्तिको हकमा जुन गांउपालिका वा नगरपालिकामा यस्तो अचल संपत्ति रहेको छ सोही गांउपालिका वा नगरपालिकालाई अभिलेख सहित हस्तान्तरण गर्नु पर्ने व्यहोरा उल्लेख छ । यस नगरपालिकाको स्वामित्वमा आउनु पर्ने कुनै कार्यालयको संपत्ति, दाईत्व, अभिलेख, कागजात तथा, बजेट यस नगरपालिकामा स्थानान्तरण भएर आएको पाईएन । साविक समितिबाट स्थानान्तरण कार्य सम्पन्न गर्नुपर्दछ । | |
| १२ | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा सम्माहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा सम्माहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १३ | **कम लागतका आयोजना :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यबस्थापन कार्यबिधि २०६९ को बुदा नंबर ११(२) मा नगरपालिकाले आर्थिक, सामाजिक, एबं भौतिक पूर्बाधार बिकास अन्तर्गत बिनियोजन भएको पूंजीगत बजेटबाट ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यबस्था छ । खांदबारी नगरकार्यपालिकाको मिति २०७४।५।११ को निणर्य नंबर ३ मा छनोट भएका योजनाहरु न्यूनतम ५लाख भन्दा घटीको नहुने गरी छनोट गर्नु पर्नेछ भन्ने व्यहोरा उल्लेख छ । नगरपालिकाले आफ्नै निर्णय संग नमिल्ने गरी यो बर्ष पूंजीगत शीर्षकबाट भौतिक पूर्बाधार निर्माण तर्फ छुट्याएको रकमबाट सन्चालन गरेका ४०३ योजना मध्ये ३७८ (सडक बोर्डको २ वटा बाहेक) फरफारक भएको योजनाहरु मध्ये १ लाख वा सो भन्दा कमका २११ वटा, १ देखि ५ लाख संम्मका १२९ वटा गरी ५ लाख भन्दा कमका ३४० योजनाहरु फरफरक भएको प्रगति बिबरण प्रस्तुत भएको छ । योजनागत लगत भने राखेको छैन । उक्त कार्यबिधिको पालना हुनु पर्ने तर्फ संबन्धितको ध्यान जानु पर्ने देखियो । | |
| १४ | **संपत्ति बिबरण :** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ११०(१) र (२)मा सदस्यले पद धारण गरेको र प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले साठी दिन भित्र आफ्नो र आफ्नो परिबारको सदस्यको नाममा रहेको चल, अचल सपंत्तिको, स्रोत वा निस्सा सहितको अध्याबधिक बिबरण स्थानिय तहमा पेश गर्नु पर्ने र पेश भएपछि अभिलेख राखि तिस दिन भित्र प्रदेश सरकारमा पठाउनु पर्नेमा पठाएको पाईएन । | |
| १५ | **मेयर गोल्ड कप २०७४ :** मेयर गोल्ड कप २०७४ मा खांदबारी नगरपालिकाले प्रथम स्थान हासिल गरी प्रथम पुरस्कारको रासी रु.३,०३,३३३।- प्राप्त गरेकोमा यो रकम नगरपालिकाको खातामा जम्मा भएको पाईएन । | ३,०३,३३३।- |
| १६ | **फुटबल खेल खर्च :** गो. भौ. नं. र मिति ६।२०७५।३।१२ बाट मेयर गोल्ड कप २०७४ फुटबल प्रतियोगिताको लागी खेलाडीहरुको पोशाक,फुटबल खरिद, खेल व्यबस्थापन र प्रशिक्षक खर्च, खेलाडी छनोट,यातायात खर्च आदि शिर्षकमा खर्च भएको प्रमाण संलग्न राखि श्री लेखनाथको पेश्की रु.२,००,०००।- फछ्र्याट गरि अग्रीम कर कट्टी रु.७५०।-,भाडा कर कट्टी रु. ७०००।- गरी रु. ४२,२५०।- सोधभर्ना भुक्तानी दिए रु.२,५०,०००।- खर्च गरेको पाईयो । चैनपुर नगरपालिका र यस नगरपालिका बीच यस्तो रकम व्यहोर्नु पर्ने गरी भएको संझ्योता र निर्णय बेगर चैनपुर नगरपालिकाले आयोजना गरको खेलको लागी चैनपुरले नै खर्च व्यहोर्ने हुदा यस नगरपालिकाबाट खर्च व्यहोर्नु पर्ने आधार देखिएन । | २,५०,०००।- |
| १७ | **क्यान्टीन निर्माण खर्च :** यस नगरपालिकाले चिया खाजा व्यबस्थाको लागी नगरपालिकाकै भबनमा रु. ४,४९,५७६।- | |

| | | |
|---|---|---|
| | खर्च गरी क्यान्टीन निर्माण २०७५।३।१७ मा सम्पन्न गरि क्यान्टिन सन्चालन नगरी राखेको पाईएकोले आबस्यकता नभएको कामको लागी खर्च गरेको पाईयो । | ४,४९,५७६।- |
| १८ | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन तयार गर्नु पर्नेमा यस्तो अभिलेख तथा श्रोत नक्साङ्कन तयार गरेको नपाईएकोले तयार गर्नुपर्दछ । | |
| १९ | **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले केहि कारोबारको सो अनुसार लेखा नराखि आय व्यय बिबरण तयार गरेको पाइयो । यसरी तयार गरिएका आर्थिंक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| २० | **उपभोक्ता समिति :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । नियमावली अनुसार उल्लेखित कार्यहरु गर्नुपर्दछ । | |
| २१ | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । दफा ७० मा आकस्मीक कोष को व्यबस्था छ । त्यस्तै अन्य कोषहरु जस्तो आर्थिक सहायता कोष, बिपत व्यबस्थापन कोष जस्ता कोषहरु स्थापना गर्न सक्ने व्यबस्था छ । आर्थिक सहायता गाउं कार्यपालिकाको पटके निर्णयको आधारमा दिने गरेको छ । आर्थिक सहायता दिनको लागी कुनै कोषको व्यबस्था गरेको छैन । यस नगरपालिकामा कर्मचारी कल्याण कोष, मर्मत संभार कोष, र प्रकोप व्यबस्थापन कोषको व्यबस्था गरेपनि कोष सन्चालन निर्देशिका, नियम समेत बनाएको पाईएन । कोष सञ्चालन निर्देशिका तयार गरी कोषको कारोबार गरिनु पर्दछ । | |
| २२ | **लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (२) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूंजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा उदाहरणार्थ : यस नगरपालीकाले ८० बर्ष पुरा भएका जेष्ठ नागरिकलाई बार्षिक रु. २०००।- का दरले नगद नै बितरण गर्न पेश्कि लिएको पाईयो । नगर कार्यपालिकाको मिति २०७४।६।२७ को निर्णयबाट मकालु साहित्यिक समाज स्मारिका प्रकाशन खर्च ४०,०००।-, एकता परिबार क्लब खांदबारीलाई म्याराथुन प्रतियोगिताको लागी रु. २०,०००।-, अरुण उपत्यका युबा क्लबलाई रु. ५०,०००।-, मकालु साहित्यीक समाजलाई एकादशि मेला सन्चालनको लागी रु.५५,०००।- दिपाबलि म्युजिकल नाईट्सलाई रु. ३०,०००।-, त्यस्तै अर्को २०७४।१२।२० को निणयले १९ वटा बिद्यालयलाई बिद्युतीय हाजीर व्यबस्थापनको लागी रु. २५,०००।- का दरले दिएको जस्ता कार्यहरुमा खर्च गरेको पाईयो । नगर कार्यपालिकाको मिति २०७४।१२।२७ को निर्णय नंबर १० को निर्णयबाट जलेश्बरी महिला बचत तथा ऋण सहकारी संस्था खा.न.पा. १० लाई रु. ३०,०००।- पूंजीगत अनुदान दिएको पाईयो । यस्तो कार्यमा सुधार हुनु पर्दछ । | |
| २३ | महालेखा परीक्षकको कार्यालय डोर मुकाम संखुवासभाको मिति २०७४।८।..को पत्रबाट नमुना दिएर जबाफ | |

| | | |
|---|---|---|
| | माग गरेका अधुरो आयोजना / ठेक्का लगायत बिभिन्न नंबर १ दखि १४ संम्मका बिबरण फारामहरु लेखापरिक्षणार्थ पेश हुन आएन । | |
| २४ | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । यस नगरपालीकाले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । आर्थिक वर्ष २०७४।०७५ मा नयां ट्र्याक खोल्ने केहि सडक योजनामा सर्भे गरेको बाहेक वातावरणीय अध्ययन पश्चात मात्र योजना छनौट गरी लागु गरेको पाइएन । वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गर्नुपर्दछ । | |
| २५ | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा यस नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । महानगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नू पर्नेमा लगत नै प्रस्तुत हुन नआएबाट दर्ता नबीकरण आम्दानी संबन्धमा बिश्लेशण गने आधार भएन । | |
| २६ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDPE) अन्तर्गत वैदेशिक अनुदानदाताको संयुक्त कोष समेत गरी आ.व. ०७४।०७५ मा कुल रु.३६,३०,८३४।३३ खर्च भएकोमा आर्थिक कार्यविधि नियमावली २०६४ को अनुसूची ४,५,६,७,८ मुतविक वैदेशिक सहायकताको अभिलेख खडा गरी राखेको पाइएन । सहायताको अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| २७ | **तलवी प्रतिबेदन :** नगरसभाको मिति २०७४।५।३० मा बसेको बैठकको निर्णय अनुसार यस नगरपालिकामा ४६ जनाको दरबन्दी स्बीकृत गरेको पाईयो । यस दरबन्दी मध्ये स्थाई पुर्ती १८, करार पूर्ती १२ र रिक्त १६ रहेको पाईयो । आ.ले.प. एक लगायत रिक्त पदमा पदपूर्ती गर्ने कार्यमा ध्यान जानु पर्ने देखिन्छ । निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट तलबी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नु पर्ने व्यबस्था छ । | |
| २८ | **सार्वजनिक परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक भेला सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यस्तो सार्बजनिक भेला सुनुवाई गर्ने कार्यको थालनि हुनु पर्ने देखियो । | |
| २९ | **सामाजिक सुरक्षा भत्ता र खर्चको भुक्तानि :** स्थानिय तहमा बजेट तजुमा, कार्यान्वयन, आर्थिक व्यबस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा नंबर ३.५ मा नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागी तलब भत्ता लगायत अन्य रकमहरु समेत बैङ्क खाता मार्फत भुक्तानि गर्ने व्यबस्था मिलाउनु पर्नेछ भन्ने व्यहोरा उल्लेख छ । प्रस्तुत आ.ब. २०७४।०७५ मा रु. ५०,०००।- सम्मका योजनाहरुको रकम भुक्तानि गर्दा व्यरर चेकबाट र सो भन्दा माथिको अधिकाम्स भुक्तानी उपभोग्ता समितिको खातामा दिने गरेको पाईयो । यस बर्ष सामाजिक सुरक्षामा रु.४,२८,९२,४००।०० खर्च भएको छ । सामाजिक सुरक्षा भत्ताको रकम पहिलो चौमासिकमा वडागत पेश्कि नछुट्याई वडा सचिबले एकमुस्ट पेश्कि लिएर वडामा नगद नै बितरण गरेको भरपाई संलग्न गरी वडागत पेश्कि नछुट्याई एकमुस्ट पेश्कि फछ्र्याट गरेको पाईयो । सामाजिक सुरक्षा भत्ता पाउनेको लगत अध्याबधिक गराई राखेको पाईएन । सूचना प्रबिधि अधिकृत कार्यरत रहेको अबस्थामा पनि प्रस्तुत एम्.आई.एसं रिपोर्ट अध्याबधिक भएको पाईएन । सामाजिक सुरक्षा भत्ता कार्यक्रम संचालन कार्यविधि २०६९ बमोजिमको सामाजिक सुरक्षा भत्ता पाउनेको आवश्यक सम्पूर्ण विवरण खुल्ने अभिलेख खाता अद्यावधिक गराई राख्नु पर्ने र सोहि आधारमा मात्र सामाजिक सुरक्षा भत्ता बितरण गर्नु पर्ने देखियो । बैङ्कबाट बितरण गरेको सामाजिक सुरक्षा भत्ता मध्ये कतिले लिए, कतिले लिन आएनन् बैङ्क संग बिबरण माग गरी बढी भुक्तानि भएको रकम | |

| | | |
|---|---|---|
| | भए फिर्ता प्राप्त गरी राजश्व दाखिला हुनु पर्ने देखियो । नगद भुक्तानिको संबन्धमा उक्त व्यबस्थाको पालना हुनु पर्ने देखियो । | |
| ३० | **सम्पत्ति हस्तान्तरण :** स्थानिय तहमा बजेट तजुमा , कार्यान्वयन, आर्थिक व्यबस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा नंबर ३.१ को पहिलो बुंदामा आफुले उठाएको राजश्व र नेपाल सरकारबाट हस्तान्तरण भई संन्चित कोषमा दाखिला भएको अनुदान रकम स्थानीय तहको गांउसभा तथा नगरसभाबाट स्वीकृत बार्षिक बजेट तथा योजना अनुसार कानून बनाई खर्च गर्नु पर्नेछ भन्ने व्यहोरा उल्लेख छ । यस नगरपालिकाले पुस्ट्याई आधार बेगर नगरसभाबाट पूंजिगत र चालु खर्च छुट्याई बजेट बिनियोजन गरेको पाईयो । यसोहुंदा पूंजिगत खर्च र चालु खर्च  अन्तर्गत के के खर्च समाबेस हुनु पर्ने हो निश्चित गर्ने आधार भएन । तसर्थ खर्च गर्ने आधार तयार गरी बिनियाजन एबं खर्च गर्नु पर्ने देखियो । | |
| ३१ | **प्राबिधिक पुस्ट्यायी :** उपभोग्ताबाट कार्य गराउनको लागी तयार गरिने लागत अनुमान तयार गर्नु पूर्ब लागत अनुमान बनाउने स्थानको कुन कुन ठाउंमा कति कस्तो चट्टान पर्छ सो को प्राबिधिक पुस्ट्यायीको आधारमा लागत अनुमान तयार गर्नु पर्नेमा लागत अनुमान तयार गर्नु पूर्ब यस्तो प्रबिधिक पूस्ट्याई संलग्न राख्ने गरेको नपाईएबाट बनेको लागल अनुमान र सो मुताबिकको खर्च बास्तबमा त्यति नै खर्च हुनु पर्ने थियो भनि भिडान गर्ने आधार भएन । | |
| ३२ | **उपभोग्ता सभिति :** सार्बजनिक खरिद नियमाबलि २०६४ को नियम ९७ अनुसार उपभोग्ता समितिबाट काम गराउदा सम्पन्न निमार्ण कार्यको सन्चालन उपभोग्ता समितिले गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेसिनहरु प्रयोग गर्ने नहुने व्यबस्था छ । जटिल प्राबिधिक पक्ष समाबेस भएका आयोजना उपभोग्ता समितिबाट सन्चालन गर्ने, योजना हस्तान्तरण नहुने जस्ता कानूनले तोकेका कार्य गरेको पाईएन । संझ्यौताको शर्तमा आयोजना निर्माण पछि उपभोग्ता समितिलाई हस्तान्तरण गरिने व्यहोरा उल्लेख भएकोमा कुनै पनि योजना यस आर्थिक बर्षमा उपभोग्ता समितिलाई हस्तान्तरण गरेको छैन । संझ्यौता गर्दा पेस्कि दिने शर्तको बुदा नभएपनि पेश्कि दिएर कार्य गराएको पाईयो । यस्तो खर्च प्रक्रियामा नियन्त्रण हुनु पर्ने देखिन्छ । | |
| ३३ | **उपभोग्ता समिति कार्य :** सार्बजनिक खरीद नियमाबली २०६४ को नियम९७(३)(क)मा उपभोग्ता संग गरिने संझ्यौतामा निर्माण कार्य वा सेबाको प्रकृति , परिमाण, लागत अनुमान, उपभोग्ता समिति वा लाभग्राहि समुदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम, कार्य वा सेबा सम्पन्न्न गर्नु पर्ने अबधि र नियम ९७(३)(ग) मा निर्माण कार्य वा सेबा सार्बजनिक निकाय र उपभोग्ता समिति वा लाभग्राही समुदायको सहभागितामा सम्पन्न वा उपलब्ध हुने व्यहोरा उल्लेख छ । सडक निर्माणको कार्य आदि गर्दा यस नगरपालिकाले उपभोग्ता संग श्रमदान समेत गर्नु पर्ने गरी श्रमदानको अंश⁄ लागत सहभागिता समेत तोकेर कटिङ्ग मात्रको कामको ईस्टिमेट बमोजिम कार्य गराएको पनि पाईयो । लागत अनुमान बमोजिमको लागत सहभागिता, उपभोग्ता समितिको अंश समेतको काम भएपनि कटिङ्गको काम मात्र भएको लागत अनुमानको काम डोजरबाट मात्र भएकोले डोजरबाट मात्र गरेको काममा उपभोग्ता समिति मार्फत नै हुनु पर्ने पुस्ट्याई गर्ने आधार देखिएन । | |
| ३४ | **अनुगमन :**  स्थानीय निकाय श्रोत परिचालन तथा व्यबस्थापन कार्यबिधि २०६९ को दफा ३३(२) बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्र संचालित बिभिन्न कार्यक्रमह वा आयोजनाहरुको समग्र अनुगमन गर्न नगर प्रपुख वा नगर प्रमुखको काम गर्न तोकिएको पदाधिकारीको संयोजकत्वमा नगर सुपरिबेक्षण तथा अनुगमा समिति गठन गरी सो समितिले संचालित कायक्रम, आयोजना, सामाजिक सुरक्षा भत्ता बितरण, बाल संरक्षण अनुदान र व्यत्तिगत घटना दर्ता कार्यक्रम लगायत नगरपालिकाका समग्र कार्यक्रमहरुको अनुगमन गर्नु पर्न व्यबस्था भएकोमा यो बर्ष बिशेषत : सडक आयोजनाहारु बाहेक अन्यमा यस्तो अनुगमन गरेको पाईएन । त्यस्तै नगरपालिकाका बडाहरुमा भएका जिन्सि सामानहरु ठिक दुरुस्त भए नभएको संबन्धमा नगरपालिकाबाट अनुगमन निरीक्षण हुने गरेको पाईएन । बार्षिक कार्य तालिका बनाई अनुगमन गर्नु पर्ने देखियो । बडाको निरीक्षण भई जिन्सि सुनिश्चित हुने गर्नु पर्ने समेत देखियो । | |
| ३५ | **सबारी साधन खरिद :**  आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम १२३ बमोजिम कार्यालयले सुवीधा वृद्धि गरी आथिर्क दायित्व पर्ने निर्णय गर्दा गराउदां अर्थ मंत्रालयको पूर्व सहमति लिनुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार सबारी साधन खरिद गर्दा नियममा व्यवस्था भए बमोजिम सहमति लिएको नपाईनुको अतिरिक्त आफ्नो आन्तरिक आय बाट खरिद गरेको समेत पाईएन । | ८३,०५,०००।- |

| जि.खा.पा.नं. | दाखिला मिति | सबारी साधनको नाम | खरीद मूल्य (रु.) | कैफियत |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ३२ | २०७५।३।२९ | महेन्द्रा बलेरो गाडी को १ ब ५६१ | ३८,९०,०००।- | मू.अ.कर समेत |
| | | ६४(क) | २०७५।२।१४ | केस ब्लाक  लोडर एक | ३९,३५,०००।- | |
| | | ६२ | २०७५।३।२० | स्कुटर | १,९५,०००।०० | |
| | | ६४ | | यामाहा मोटरसाइल–१ | २,८५,०००।- | |
| | | | | **जम्मा** | ८३,०५,०००।- | |

| | | |
|---|---|---|
| ३६ | **बजेट पारित गर्नु पर्ने :** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७१(६) मा सभाले उपदफा १ वा ५ बमोजिम पेश भएको बजेट असार मसान्त भित्र पारित गरिसक्नु पर्ने भएपनि  दफा ७१(७) मा पहिलो पल्ट गठन भएको नगरपालिका पदाधिकारीले पद बहालि गरेको दुई महिना भित्र बजेट पास गर्न बाधा मानिने छैन भन्ने व्यबस्था भएकोमा यस नगरपालिकाको बजेट २०७४ भाद्र ३० गते  पास गरेको पाईयो । | |
| ३७ | **बजेट स्वीकृत गराई खर्च गर्नु पर्ने :** स्थानिय तहमा बजेट तजुमा , कार्यान्वयन, आर्थिक व्यबस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा नंबर ३.१ को पहिलो बुंदामा आफुले उठाएको राजश्व र नेपाल सरकारबाट हस्तान्तरण भई संन्चित कोषमा दाखिला भएको अनुदान रकम स्थानीय तहको गांउसभा तथा नगरसभाबाट स्वीकृत बार्षिक बजेट तथा योजना अनुसार कानून बनाई खर्च गर्नु पर्नेछ भन्ने व्यहोरा उल्लेख छ । कानूनबाट निर्देशित नभएका  सुरु बिनियोजनमा नपरेका, नगर सभाले अनुमोदन नगरेका बिभिन्न  शिर्षकहरुमा नगर कार्यपालिकाबाट निणय गरेर  खर्च गर्ने गरेकोमा २०७५।३।२५ मा बसेको दोश्रो नगर सभाको निर्णय नंबर ८(२) बाट आ.ब. २०७४।०७५ को संसोधित आय, व्यय, यथार्थ खर्च,संसोधित बजेट कार्यपालिकाबाट गरेका निर्णयहरु एबं खर्चलाई अनुमोदन एबं समर्थन गर्ने निर्णय गरियो भनि निर्णय गरेको पाईयो । निर्णय गर्दा एकमुस्ट रुपमा के कामको कति परिमाण र रकम उल्लेख नगरी खर्च समर्थन र अनुमोदन गरेको पाईयो । | |
| ३८ | **मूल्य अभिबृद्धि करको जानकारी नदिएको :** प्रत्येक मूल्य अभिबृध्दि कर भुक्तानिको जानकारी संबन्धित आन्तरिक राजश्व कार्यालयलाई पठाउनु पर्ने व्यबस्था रहेको छ । यस नगरपालिकाले बषभरिमा  भुक्तानि गरेको संपूर्ण मूल्य अभिबृध्दि करको कर बिजक अनुसारको जानकारी संबन्धित आन्तरिक राजश्व कार्यालयलाई दिनु पर्नेमा केहिको मात्र जानकारी दिएकोले छुट भए जति बिजकको जानकारी दिनु पर्ने देखियो । | |
| ३९ | आर्थिक बर्ष २०७४।०७५ मा लगु गर्नको लागी२०७४।५।३० मा बसेको नगर सभाबाट पास गरेको निम्न कुराहरु आर्थिक बर्ष २०७४।०७५ मा कार्यान्वयन भएको पाईएन । | |
| ३९.१ | खांदबारी नगर क्षेत्रमा सम्भाबना भएको अबस्थामा ठूला किसिमका योजनाहरुको हकमा उपभोग्ता मापर्फत संचालन भएको आयोजना उपभोग्ता समितिले र निर्माण व्यबसायी मार्फत सन्चालन भएको आयोजनामा  निर्माण व्यबसाईले प्रयोगशाला परीक्षण प्रमाण पत्र पेश गरेपछि मात्र अन्तिम भुत्तानी दिने व्यबस्था मिलाईने छ भन्ने व्यहोरा उल्लेख भएकोमा प्रयोगशाला परिक्षण प्रमाण पत्र लेखापरिक्षणार्थ प्रस्तुत भएको छैन । | |
| ३९.२ | नगरपालिका भित्र सन्चालन हुने गैर सरकारी संस्थाको कार्यक्रम कार्यान्वयन गनु पूर्ब अनिबार्य रुपमा अनुमति लिनु पर्ने उल्लेख भएकोमा सो को अभिलेख राखेको पाईएन । | |
| | यस्तो अनुमति लिएको पाईएन । अनुमति लिए नलिएको अभिलेख राखेको पाईएन । | |
| ३९.३ | नगरको एकीकृत पर्यटन पूर्बाधार नीति तयार गरिने उल्लेख भएकोमा यस्तो नीति बनेको पाईएन । | |
| ३९.४ | first come first service को व्यबस्थाका लागी टोकन प्रणालिबाट सेबा प्रबाह गर्ने व्यबस्था मिलाइने उल्लेख भएकोमा यस्तो सेबा प्रदान गरिएको छैन । | |
| ३९.५ | नगर कार्यपालिकाबाट स्वकृत भएका आयोजनाहरु समयमा नै सम्पन्न गर्नका लागी ठोस बार्षिक कार्य योजना र खरिद योजना बनाईने उल्लेख भएकोमा यस्तो योजना बनाएको पाईएन । | |
| ४० | **स्वास्थ्य तर्फः–औषधि खरिद एवं भण्डारणः** प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा **“नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी”** भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । त्यसै गरी सार्वजनिक लेखा समितिले म.ले.प. को ४७ औं प्रतिवेदनको निःशुल्क वितरण गरिने औषधीको लोगोको व्यहोराका सम्वन्धमा दिएको सुझावलाई कडाई साथ लागू गर्ने निर्णय समेत गरेको देखिन्छ । कार्यालयले खरिद गरेको / हस्तान्तरण भई आएका विभिन्न प्रकारका औषधिहरुको बाँकी औषधीमा निःशुल्क वितरणको लोगो समेत लगाएको पाईएन  । निर्देशिकाको | |

<table>
<tr><td></td><td>परिपालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१</td><td>सोधभर्ना भुक्तानीः आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७६(१) मा प्रचलित कानून बमोजिम कार्यालयले नेपाल भित्र वा विदेशबाट मालसामान खरिद गर्दा सोझै सम्बन्धित विक्रेतलाई भुक्तानी दिनु पर्ने व्यवस्था छ । तसर्थ कर्मचारीलाई खरिद खर्च सोधभर्ना दिने प्रकृयामा नियन्त्रण हुनु पर्ने देखिन्छ । उदाहरणार्थ यस नगरपालिकाका बिभिन्न वडाहरुको लागी आबश्यक कार्यालय सन्चालन सामाग्रिहरु खरिद गरि सोधभर्ना भुक्तानी दिने गरेको पाईयो ।</td><td></td></tr>
<tr><td>४२</td><td>फिर्ता हुन बांकीः– नगरपालिकाबाट पेश भएको विवरण अनुसार नगरपालिकालाई यस वर्ष सशर्त अनुदान वापत निम्नानुसारका शिर्षकहरुमा देहाय अनुसार निकासा तथा खर्च भएकोमा बांकी रहेको रकम संघ संचित कोषमा फिर्ता हुनुपर्ने रु..............
<table>
<tr><th>कार्यक्रम</th><th>निकासा</th><th>खर्च</th><th>बांकी</th><th>कैफियत</th></tr>
<tr><td>प्रदेशबाट प्राप्त</td><td>१५०००००.००</td><td>१३६१२८१.००</td><td>१३८७१९.००</td><td></td></tr>
<tr><td>जिल्ला शिक्षा कार्यालय</td><td>६९८०००.००</td><td>००</td><td>६९८०००.००</td><td></td></tr>
<tr><td>जि.बि.स.बाट प्राप्त</td><td>२०००००.००</td><td>००</td><td>२०००००.००</td><td></td></tr>
<tr><td>जम्मा</td><td>२३९८०००</td><td>१३६१२८१</td><td>१०३६७१९</td><td></td></tr>
</table></td><td>१०३६७१९।००</td></tr>
<tr><td>४३</td><td>समानिकरण पूंजीगततर्फः– नगरपालिका सभाले यो वर्ष बिभिन्न साना ठुला योजनाहरुमा बजेट बिनियोजन गरी उपभोक्ता समितिहरुबाट निर्माण तथा खरिद कार्य गराएको र बिनियोजित बजेटबाट एकमुष्ठ कन्टिजेन्सी खर्च कट्टा गरी उपभोक्ता समितिहरुलाई भुक्तानी दिएको र यसमा रु.१३,४३,४१,४४८।९४ खर्च भएको देखिन्छ । गोश्वरा भौचरसाथ उपभोक्ता समितिहरुसंग सम्बन्धित सम्पूर्ण कागजातहरु संलग्न नगरेको, फाइलमा फाइल पंजिका तयार नगरेको,खर्चको बिल भरपाईहरुको तेरिज समेत तयार गरी फाइलसाथ नराखेको कारण लेखापरीक्षणमा सहजता नभएको हुदां सो व्यहोरामा नगरपालिकाले सुधार गर्नुपर्ने देखिन्छ । नगरपालिका सभाको निर्णायानुसार उपभोक्ताहरुलाई भुक्तानी दिदां प्रत्येक योजनाबाट निर्णय भए अनुसारको प्रतिशतमा जनश्रमदान नघट्ने गरी लागत अनुमान तयार गरी सोही अनुसार सम्झौता गर्ने तथा सम्पन्न योजनाको प्राबिधिक मूल्यांकन अनुसार उपभोक्ताको आनुपातिक जनश्रमदानको अंश कट्टा गरेर मात्र उपभोक्ताहरुलाई भुक्तानी दिनुपर्नेमा नगरपालिकाले केही योजनाहरुको प्राबिधिक मूल्यांकन अनुसारको उपभोक्ताहरुलाई भुक्तानी गर्दा केही योजनाहरुको प्राबिधिक मूल्यांकन अनुसार जनश्रमदान आनुपातिक कट्टी नगरी कम जनश्रमदान कट्टा गरी भुक्तानी दिएको देखियो । साथै केही योजनाहरुको लागत अनुमान तयार गर्दा नगरपालिका सभाको निर्णय बेगर उपभोक्ताले गर्ने जनश्रमदानको प्रावधान नराखी तयार गरी सोही अनुसार सम्झौता गरी भुक्तानी गरेको र सोही अनुसार भुक्तानी गरेको पाईयो यसरी नगरपालिका सभाबाट भएको निर्णयानुसार सबै उपभोक्ताहरुलाई समान किसिमले एउटै मापदण्ड अनुसार समान रुपमा जनश्रमदान गर्नेगरी लागत अनुमानदेखि सम्पूर्ण प्रावधान अवलम्बन गरी कार्यान्वयन गर्नुपर्नेमा नगरसभाको निर्णय कार्यान्वय गर्नुपर्नेमा सो अनुसार नगर्नुको कारण स्पष्ट गरी सम्बन्धित पदाधिकारीहरुलाई जिम्मेवार वनाई सुधार गर्नुपर्दछ । नगरपालिकाले उपभोक्ताहरुसंग सम्झौता गर्दा पेश्की दिने सम्बन्धमा उल्लेख नगरेको अवस्थामा प्रथम किस्ता वापत ४० प्रतिशत पेश्की दिएको दोश्रो किस्तामा रनिङ्ग बिलको आधारमा ४० प्रतिशत र ३० प्रतिशत अन्तिम किस्ता वापत भुक्तानी दिएको पाईयो । यसरी नगरपालिकाले सम्झौतामा उल्लेख नभएको अवस्थामा पेश्की कारोबार उपलब्ध गराएको तथा योजनाहरु सानो रकमको भएकोमा धेरै किस्तामा भुक्तानी दिईएने कारण उपभोक्ता तथा कार्यालयललाई लामो प्रक्रिया लाग्नुको साथै झन्झटिलो भएको छ । यस प्रकारको प्रचलनमा सुधार ल्याउनुपर्दछ । लेखापरीक्षण योजना अनुसार नमूना छनौट गरी परीक्षण गर्दा देखिएको व्याहोराहरुका सम्बन्धमा देहाय अनुसारका केही उदाहरणहरु उल्लेख गरिएको छ ।</td><td></td></tr>
</table>

४४

**सडकको सर्भेः–** नगरपालिकाले बिभिन्न सडकहरुको सर्भे नगरपालिकाका प्राबिधिक कर्मचारीहरुबाट गराई देहाय अनुसारका सडकको सर्वे र डिजाइन छुट्टा छुट्टै गरेको जनाई रु.८,७८,६२२।२८ खर्च लेखांकन गरेको छ । यसरी नगरपालिकाले सर्वेको कार्य नगरपालिकाका कर्मचारी मार्फत गराएकोमा डोलिडारको नर्म्स अनुसार गरेको भएतापनि सो नगरी आफ्नै कर्मचारीबाट गराउंदा नियमानुसार दैनिक भ्रमण भत्ता पाउने भएमा दैनिक भत्ता र नपाउने भएमा आवाश्यक इन्धन वा गाडी भाडा तथा सो सर्वे कार्यमा चाहिने स्टेशनरी,टुल्स लगायतका सामाग्री उपलब्ध गराई गराउनुपर्नेमा नगरपालिकाका कर्मचारीहरु मार्फत सर्भे कार्य गरी डोलीडारको नर्म्स प्रयोग गरी सो अनुसारको पारिश्रमिक कर्मचारीहरुले बुझिलिएको पाईएको छ । सर्वे कार्य र डिजाइनको कार्य एकै पटक एउटै नर्म्सको आधारमा मितव्ययी किसिमले गरी सोही अनुसार एकै पटक सो कार्यहरु गर्नुपर्नेमा जटिल र ठूला ठूला योजनाको जस्तै गरी नगरपालिकाले छुट्टा छुट्टै नर्म्स प्रयोग गरी सर्वे र डिजाइन वापत बेग्ला बेग्लै गरेको जनाई भुक्तानी लिएको नियमसम्मत नदेखिएकोले यसमा नगरपालिकाबाट सुधार भई सर्वेको कार्य मितव्ययी किसिमले गराउनु पर्दछ । निम्नानुसारका सडकको सर्वे र डिजाइन गरेको जनाई सो वापत कर्मचारीहरुले रकम बुझिलिएको विवरण रहेको छ भने डिजाइन वापत भुक्तानी भएको रकम नगरपालिकालाई थप व्ययभार परेको देखिएको रु.............................. ३७९६२६।३०

| **गो.भौ.नं.र मिति** | **सर्वे र डिजाइन खर्च** | **सर्वे खर्च** | **डिजाइन खर्च** | **सडकको नाम र दुरी** |
|---|---|---|---|---|
| ६१८/०७५/३/२५ | ५३४४७.९२ | २८३००.१८ | २५१४७.७३ | डिठ्ठा गाउं पन्द्रे सडक (१.२९ कि.मी.) |
| ६१८/०७५/३/२५ | ५६१४०.६३ | २९७२६.१६ | २६४१४.४७ | थापागाउं पिप्ले सडक (१.३५ कि.मी.) |
| ६२०/०७५/३/२५ | २२४७०७.३४ | ६७८१३.४४ | ४८७३६.३२ | राजकुलो मुख माल्टा खोला (४.८२ कि.मी.) |
| ६२०/०७५/३/२५ | ११६५४९.७६ | १३०७४४.८९ | ९३९६२.४५ | खर्तुवा मलिङ्गटार हेलुवाबेसी सडक (२.५ कि.मी.) |
| ६२१/०७५/३/२५ | १३६२७८.६६ | ७२१५९.१८ | ६४११९.४८ | गुरुङ्ग गाउं भिरकुना सडक (३.२८ कि.मी.) |
| ६२१/०७५/३/२५ | १४०५६८.८८ | ८३२९४.६७ | ५७२७४.२१ | गुरुङ्ग गाउं लेलुवा लाप्से सडक (३.३९ कि.मी.) |
| ६२१/०७५/३/२५ | ३०५८०.४५ | १६१९३.८४ | १४३८६.६० | भदौरे चौतारा सुन्तले (०.७३ कि.मी.) |
| ६२१/०७५/३/२५ | ७०४३५.४६ | ४१७७०.१९ | २८६६५.२७ | जिरो प्वाइन्ट निरौला महाजन चौतारा (१.७ कि.मी.) |
| ६२१/०७५/३/२५ | ४९९१३.२० | २८९९३.४३ | २०९१९.७७ | खांदबारी–४ हाइवे निभारा (१.१८ कि.मी.) |
| **जम्मा** | **८७८६२२.३** | **४९८९९५.९८** | **३७९६२६.३** | |

४५

**अग्रिम करः–** आयकर ऐन,२०५८ अनुसार भुक्तानीमा अग्रिमकर कट्टा गरी बांकी रकम भुक्तानी दिनुपर्ने नगरपालिकाले निम्न लिखित सामान खरिद तथा ढुवानीमा अग्रिम कर कट्टा गरेको नदेखिएकोले सम्बन्धितबाट असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.......... ५१०९३।००

| गो.भौ.नं.र मिति | भुक्तानी रकम ( मू.अ.कर बाहेक) | अग्रिम कर | उपभोक्ताको नाम | विवरण | कैफियत |
|---|---|---|---|---|---|
| २४५/०७५/२/१० | ५०५६३७.०० | २१६५.०० | जि.बि.स.गेटबाट खा.पा.सरसफाई समिति सडक | बिभिन्न मू.अ.कर बिलहरु | रु.५१२०।०० कट्टा गरेकोले नपुग |
| ११३/०७४/१२/२९ | २६८६००.०० | ४०२९.०० | महानन्दचोक दोभानेसभा मोटरबाटो | साविल कन्स्ट्रक्सन,खांदबारी | मू.अ.कर बिल समावेश |
| २१५/०७५/२/१ | ११०६८०.०० | १६६०.०० | राम्चे बेलडांडा सडक | गेट्स कन्स्ट्रक्सन क.प्रा.ली. | मू.अ.कर बिल समावेश |
| २६९/०७५/२/१८ | ८२८३३०.०० | १२४२५.०० | माल्टा दोभान दुब्ली चौतारा सडक | बिभिन्न ३ वटा सप्लायर्सहरु | मू.अ.कर बिल समावेश |
| २९२/०७५/२/२७ | ३५४५८८.०० | ९८०७.०० | मूलगांउ परमगाउं सडक | बिभिन्न प्यान बिलहरु ढुवानी बिल | प्यान बिल र ढुवानी बिल भएकोले सोही अनुसार |
| ३९७/०७५/३/६ | ८९९७५.०० | १३५०.०० | बालउद्यान पार्क व्यवस्थापन | आर्यन ट्रेडर्स खांदबारी | मू.अ.कर बिल समावेश |
| २४४/०७५/२/१० | २२४७९५७.०० | १६२५६.०० | नगरपालिका गेटदेखि चादनी चोक सम्म मोटरबाटो | बिभिन्न | मू.अ.कर बिल र ढुवानी बिल समावेश भएकोले सोही अनुसार कर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गणना गरिएको र रु.१६,८०८।०० कट्टा गरिएकोमा नपुग रु.१६२५६।०० |
| ३७१/०७५/३/४ | ९२६७५०.०० | ३४०१.०० | चेवाखोला तापासे पन्धे मोटरबाटो | बिभिन्न | कट्टा गर्न छुटेको |
| **जम्मा** | | **५१०९३** | | | |

४६ **लागत सहभागिता:–** नगरपालिकाले उपभोक्ताहरुबाट निर्माण कार्य गराउंदा लागत सहभागिता वापत नगद रकम उपभोक्ताहरुबाट नगद रकम संचित कोषमा दाखिला गर्न लगाई निर्माण कार्य समाप्त भएपछि लागत सहभागिता वापत राखेको रकम समेत भुक्तानी गरेको छ । लागत सहभागितको हिसाब छुट्टै अभिलेख बनाई राखेको छैन जसका कारण समानिकरण पूंजीगतमा बास्तबिक खर्च तथा लागत सहभागिता वापतको बास्तबिक आम्दानी तथा खर्चका सम्बन्धमा नगरपालिकाले एकिकृत आर्थिक विवरणमा देखाएको रकमका बारेमा यकिन गर्न सकिएन । तसर्थ लागत सहभागिता वापत नगद दाखिला गर्ने व्यवस्था राम्रो भएको र सो को अभिलेख देखिने गरी छुट्टै राख्नुपर्ने देखिन्छ । नगरपालिका सभाबाट परित भएको पूर्वाधारसंग सम्बन्धित योजनाहरुमा उपभोक्ताहरुबाट निर्माण कार्य गराउंदा वडास्तरीय भए १५ प्रतिशत र नगरस्तरीय योजनाहरुमा ३० प्रतिशत प्रतिशतका दरले उपभोक्ताहरुबाट नगद लागत सहभागिता गराई मात्र योजना सम्झौता गरी निर्माण कार्य गराउने तथा उपभोक्ताको प्रत्यक्ष नगद साझेदारी नहुने योजना उपभोक्ता मार्फत सञ्चालन गरिने छैन भन्ने निर्णय भएको भएतापनि नगरपालिकाबाट सञ्चालित अधिकांश योजनाहरुमा निर्णयानुसार नगद सहभागिता नभएको,नगद सहभागिता नै नभएकोमा योजना सम्झौता भई निर्माण कार्यमा जनश्रमदान भएको भएता पनि निर्णयानुसार नगद सहभागिता नभएका योजनाहरुको उदाहरण निम्नानुसार छन । तसर्थ नगरपालिकाले निर्णय भए अनुसार योजनाहरु उपभोक्ता समितिहरुबाट निर्माण कार्य गराउंदा सबै योजनाहरुमा नगद सहभागिता समेत जुटाई योजना कार्यान्वयन गराउनु पर्दछ ।

| गो.भौ.नं.र मिति | भुक्तानी रकम लागत सहभागिता समेत | लागत अनुमान | लागत सहभागिता हुनुपर्ने रकम | नगद सहभागिता भएको | लागत सहभागिता कम भएको वा नभएको | योजनाको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ८४/०७४/१२/३ | ४५००००.०० | ६७१००८.०० | १७१००८.०० | ०० | ०० | सरस्वति टोल बिकास संस्थाको भवन निर्माण | जनश्रमदान भएको भएपनी नगद सहभागिता नभएको |
| ८९/०७४/१२/२ | १३५०००.०० | १९७८८०.०० | ४७८८०.० | ०० | ०० | पिपलडांडा हुदै डडारे सम्म मोटरबाटो | जनश्रमदान भएको भएपनी नगद सहभागिता नभएको |
| ३९७/०७५/३/७ | २७५५००.०० | ३८७११७.०० | ९७११७.०० | ०० | ०० | बाल उद्यान पार्क व्यवस्थापन | जनश्रमदान भएको भएपनी नगद सहभागिता नभएको |

४७ **बिल भरपाई बिना भुक्तानी:–** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ को उपनियम (३) मा कार्यालयले खर्च लेख्दा खर्चका बिल भरपाई संलग्न गरी प्रमाण पुष्ट्याई समेत प्रर्याप्त आधार भएमा मात्र खर्च लेखिनुपर्ने व्यवस्था छ । तर नगरपालिकाले देहायमा उल्लेख भएका संस्थाहरुलाई खर्चलाई पुष्टि हुने बिल भरपाई बिना भुक्तानी दिएको हुदां उद्धेश्य तथा सम्झौता तथा उद्धेश्य बमोजिम खर्च भएका प्रमाणहरु पेश गर्नुपर्ने रु……….. ३८६०००।००

| गो.भौ.नं.र मिति | खर्च | उद्धेश्य | संस्थाको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १३१/०७५/१/६ | ७६०००.०० | कार्यक्रम संचालन | आकाशदेवी तथा जलपादेवी नागरिक सचेतना केन्द्रका केश कुमारी पोखेल | |
| २१३/०७५/२/१ | १००००.०० | भलिबल खेल | सित्तलपाटी खेलकुद विकास समिति | |

| | | | | |
|---|---|---|---|---|
| ४/०७४/६/२७ | ३०००००.०० | अरुण उपत्याका रनिङ्ग शिल्ड | अरुण उपत्याका सामुदायिक विकास क्लब खांदबारी | गोश्वरा भौचरमा पेश्की देखाएकोमा पेश्की कायम नगरेको |
| **जम्मा** | **३८६०००** | | | |

४८ **निर्माण कार्यको सोधभर्ना भुक्तानीः–** नगरपालिकाको वडा नं.९ अन्तर्गत ग्रिन्द्रे मनकामना सडक मर्मत कार्य गरेको जनाई सोही वडाका वडाध्यक्ष श्री टिकाराम कुमाल मार्फत रु.७५,०००।०० गो.भौ.नं.६३२।०७५।३।३१ बाट सोधभर्ना भुक्तानी भएको देखिएकोले यस प्रकारको कार्यमा सुधार हुनुपर्दछ ।

४९ **योजना कार्यान्वयनः–** नगरपालिका सभाबाट बिनियोजन भए अनुसारका योजनाहरुमा उपभोक्ताहरुसंग सम्झौता गरी निर्माण कार्य गराएकोमा तोकिएको समयमा निर्माण कार्य नगरी ढिलो गरी सम्पन्न गरेको र सम्झौतामा म्याद थपको व्यवस्था नभएको अवस्थामा निर्माण कार्यको उपभोक्ताहरुले पेश्की लिई निर्माण कार्यमा ढिलाई हुन जान सक्ने अवस्थातर्फ नगरपालिकाले ध्यान दिई यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ । सम्झौता अनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न नगर्ने केही उपभोक्ता समितिहरुको विवरण निम्न अनुसार छन ।

| गो.भौ.नं.र मिति | भुक्तानी रकम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने | सम्पन्न | उपभोक्ता समितिको नाम |
|---|---|---|---|---|---|
| ५४९/०७५/३/१८ | ११४९१६४.०० | २०७५/१/१९ | २०७५/२/३० | २०७५/३/७ | चारधारा धाम परिषद |
| ५४८/०७५/३/१८ | ३२५००००.०० | २०७५/१/३ | २०७५/२/२७ | २०७५/२/३० | मानेभञ्ज्याङ्ग लिलिबर अरुणथान सडक |
| ५७५/०७५/३/२० | २४०००००.०० | २०७४/११/१० | २०७५/२/३० | २०७५/३/५ | चादनीचोक फुलपाती चोक हाइवेसम्म सडक |
| ५७९/०७५/३/२० | ४८९०७७.०० | २०७४/१२/८ | २०७५/२/३० | २०७५/३/७ | बरुण बोडिङ्ग देखि बडेरेनी सडक |
| ५९४/०७५/३/२० | १७१२६४९.०० | २०७५/१/२० | २०७५/२/३० | २०७५/३/१० | बसपार्क व्यवस्थापन योजना |
| ५९७/०७५/३/२० | २२९७३२७.०० | २०७४/१२/२२ | २०७५/२/३० | २०७५/३/११ | भुताया मुहान खा.पा. |

५० **अग्रिम करः–** आयकर ऐन,२०५८ अनुसार भुक्तानीमा अग्रिमकर कट्टा गरी बांकी रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले बिभिन्न योजनाहरु उपभोक्ताहरुसंग सम्झौता गरी निर्माण कार्यको भुक्तानी गर्दा निर्माण कार्यमा प्रयोग हुने ढुङ्गा,बालुवा,रोडा जस्ता निर्माण सामाग्रीहरु बिभिन्न व्यक्तिहरु मार्फत ट्र्याक्टरले ढुवानी गरेको जनाई रितपूर्वकको बिल भरपाई बेगर सामान्य भरपाई दादैको आधमारमा ढुवानी भाडा दिएको पाईयो । नगरपालिकाले यस प्रकारको ढुवानीमा ठुलो रकम खर्च हुने अवस्था रहेको र सो कारोबार गर्ने व्यक्ति तथा संस्थालाई नियमानुसार सम्बन्धित निकायमा दर्ता गरी कारोबार गर्ने कार्यमा सहभागी हुने वातारण मिलाउनुपर्ने देखिन्छ । नगरपालिकाले उपभोक्ता समितिहरुसंग सम्झौता गरी निर्माण कार्य सम्पन्न गरेका योजनाहरुमा ढुवानी सम्बन्धमा एकै किसिमको व्यहोरा र एउटै प्रकृतिका भरपाईहरु संलग्न रहेको हुदां नगरपालिकाले यस सम्बन्धमा नियमानुसार दर्ता भएका ढुवानीवालासंग कारोबार गर्ने गरी व्यवस्था मिलाउनुपर्दछ । यसका केही उदाहरुणहरु निम्नानुसार छन ।

| ढुवानी भुक्तानी रकम (मू.अ.कर बाहेक) | अग्रिम कर | उपभोक्ताको नाम | विवरण | कैफियत |
|---|---|---|---|---|
| ५९५०००.०० | ५९५००.०० | बिहिबारे हेलुवा सडक | बालुवा र ढुङ्गा ढुवानी | सडकबोर्डतर्फ बिभिन्न ट्र्याक्टरले ढुवानी गरेको |

| | | | | |
|---|---|---|---|---|
| २६५३५००.०० | २६५३५०.०० | जि.बि.स.गेट खानेपानी कार्यालय ढलान | बालुवा र ढुङ्गा ढुवानी | समानिकरण पूंजीगत बिभिन्न ट्रयाक्टरले ढुवानी गरेको |
| २९९०००.०० | २९९००.०० | शनिबार हाट सुनडांडा ढल व्यवस्थापन | बालुवा र ढुङ्गा ढुवानी | समानिकरण पूंजीगत बिभिन्न ट्रयाक्टरले ढुवानी गरेको |
| ६६६०००.०० | ६६६००.०० | मदरल्याण्ड स्कुल महतको घर राजकुलो | बालुवा र ढुङ्गा ढुवानी | समानिकरण पूंजीगत बिभिन्न ट्रयाक्टरले ढुवानी गरेको |
| ६२८०००.०० | ६२८००.०० | बिरेन्द्र थापाको घर दमाई चौतारा सम्म | बालुवा र ढुङ्गा ढुवानी | समानिकरण पूंजीगत बिभिन्न ट्रयाक्टरले ढुवानी गरेको |
| ३२६०००.०० | ३२६००.०० | भेटेडार ओडारे रुम्ती सडक | बालुवा र ढुङ्गा ढुवानी | समानिकरण पूंजीगत बिभिन्न ट्रयाक्टरले ढुवानी गरेको |
| **जम्मा** | **५१६७५०** | | | |

| | | |
|---|---|---|
| ५१ | **बढी भुक्तानी:** नगरपालिकाले बज्र ट्रेड खांदबारीबाट बिभिन्न ३ वटा बिजकबाट मेशिनरी औजार खरिद गर्दा रु.४,१७,१९६।०० भुक्तानी दिनुपर्नेमा गो.भौ.नं.११।०७४।६।८ बाट रु.४,४७,७०६।०० भुक्तानी भएकोले रु.३०,५००।०० बढी बजेट खर्च लेखांकन गरी भुक्तानी भएको हुदां असुल हुनुपर्ने रु............ | ३०५००।०० |
